दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक २९८ | बुटवल | २०८२ कात्तिक २२ गते, शनिबार | नेपाल संवत ११४६ | Saturday November 08, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

# बुटवल देवीनगरको 'फिस टनेल मेला' मा छैनन् दर्शक

**मेलाका धेरै स्टलहरू पनि खाली छन्। भएका स्टलधनीहरूले पनि व्यापार नभएको गुनासो गरेका छन्। मेलामा बनाइएको कृत्रिम मन्दिर हेर्न समेत २५ रुपैयाँको टिकट काट्नुपरेको र जलपरी भन्दै पौडी कला मात्र देखाइएपछि दर्शकहरूले चर्को विरोध गरेका छन्।**



**लुम्बिनी संवाददाता**
*बुटवल*

सामाजिक सञ्जालमा बुटवल देवीनगरमा सञ्चालित मेलामा जलपरी र फिस टनेलको आकर्षण भन्दै प्रचार देखिन्छ । तर वास्तविकता भने उल्टो छ। मेलामा दर्शकहरु अति न्यून संख्यामा पुग्ने गरेका छन्। भने धेरै स्टलहरु खाली छन्।

रोट्र्याक्ट क्लब अफ बुटवल साउथको आयोजनामा बुटवलको देवीनगर रंगशालामा भइरहेको 'प्रथम बुटवल फिस टनेल एण्ड दुबई सिटी साँस्कृतिक तथा रमाइलो मेला २०८२' मा दर्शक उपस्थिति दयनीय रहेको स्थानीय प्रत्यक्षदर्शीहरु बताउँछन्। कार्तिक १३ गतेदेखि सुरु भएको मेला मंसिर २ गतेसम्म सञ्चालन हुने भनिए पनि हालसम्म अपेक्षित संख्यामा दर्शक नआएपछि आयोजकहरू निराश भएका छन् । मेलामा विभिन्न साँस्कृतिक कार्यक्रम, मनोरञ्जनका स्टल, फिस टनेल र दुबई सिटी मोडल राखिए पनि दर्शक न्यून आएको आयोजकले नै स्वीकार गरेका छन्।

मेलाको सुरुवाती दिनदेखिको वर्षाका कारणले पहिलो तीन दिन निकै न्यून रहेकामा त्यस लगत्तै विभिन्न किसिमका खुल्ला मेलाहरु हुँदा दर्शक कम भएको रोट्र्याक्ट क्लब अफ बुटवल साउथका अध्यक्ष इपल भण्डारीले बताए।

उनले भने-'लगातार तीन दिनको पानीले उद्घाटनकै अवसरमा निकै समस्या आइपर्यो । दर्शकहरु चाहेर पनि आउनुभएन् । त्यस लगत्तै छिमेकी स्थानहरुमा विभिन्न खुला खालका मेला लागे । यसले दर्शकहरुको उपस्थिति घटेको हुनसक्ने अनुमान गरिएको छ।'

मौषममा सुधार आउनुका साथै शनिबारलगायतका केही बिदाको कारणले दर्शक बढ्ने अपेक्षा गरिएको अध्यक्ष भण्डारीले बताए । क्लब स्थापना कालदेखि नै सामाजिक कार्यमा सक्रिय रहेको बताउँदै अध्यक्ष भण्डारीले सामाजिक कार्य गर्नका लागि नै मेलाको आयोजना गरिएको बताए । मेलामा विभिन्न साँस्कृतिक कार्यक्रम, टिकटक प्रतियोगिता, नृत्यलगायतका विविध साँस्कृतिक कार्यक्रमहरु भइरहेका छन्।

**स्टलहरू खाली**

मेलामा अधिकांश स्टलहरु खाली देखिन्छन् । पहिलो दोस्रो मोडसम्म पुग्दा एकतर्फी रुपमा मात्रै स्टलमा व्यवसायीहरु व्यवसायका लागि बसेका छन्। तर ती स्टलहरुमा दिनभरमा १० हजार रुपैयाँको कारोबार समेत भएको नपाइएको एक स्टलधनीले बताए। मेलामा जुत्ता चप्पल, केही खाद्यबस्तुका स्टल छन् भने केही खेलसँगसम्बन्धी स्टलहरु रहेका छन्।

यता केही स्टलमा व्यवसायीहरु आउने क्रम रहेको आयोजकले दाबी गरेको छ । भदौमा आयोजना हुन लागेको मेला जेनजी आन्दोलनपश्चात् स्थगित भएर सञ्चालन भएपछि सुरुवाती दिनमा पानी आएर केही स्टल बुटवल-नारायणघाट सडकले फर्किएपछि केही स्टल खाली भएको अध्यक्ष भण्डारीले बताए।

**मन्दिर पुग्न २५ रुपैयाँ**

मेलाको मञ्च अगाडि ठूलो वैष्णो देवी मन्दिर भनेर राखिएको स्टल छ। भारतको प्रशिद्ध मन्दिर वैष्णोदेवीमा जान २५ रुपैयाँको टिकट काट्नुपर्दछ । मन्दिर भनेर निर्माण गरिएको संरचनामा पुग्नलाई बाँस र जुटको बोरालाई मिलाएर बनाइएको छ। जसमा ४ वटा मूर्तिहरु रहेका छन्।

मन्दिर भनेर पूजा गर्न पुगेका बुटवल ११ देवीनगरका ४६ वर्षीय दिपक पौडल दम्पतीले मन्दिरमा प्रवेश गर्न टिकट लगाउनु धार्मिक नाममा व्यापार भएको बताउँछन्। उनले मन्दिरमा पूजारी नराखेको बताउँदै बिहानै मुछेको टिका राख्नु र डोनेशन बक्स राख्नु गलत भएको तर्क गरे।

**जलपरी भन्दै युवतीहरूको स्वीमकला मात्रै**

रमाइलो मेलामा निर्माण गरिएको फिस टनेलमा जलपरीको रुपमा युवतीहरुलाई देखाइको छ । युवतीहरुको स्वीमकलालाई जलपरीको रुपमा प्रस्तुत गरिएको छ। जुन स्टलमा जानको लागि २ सय रुपैयाँको टिकट काट्नु पर्ने हुन्छ। मेला प्रवेश गर्न टिकट काटेसँगै महँगो टिकट काटेर हेर्न बाध्य पारिएको मेलामा पुगेका दर्शकहरुको प्रतिक्रिया रहेको छ।

मेलाको अवलोकलनका लागि ५० रुपैयाँ प्रवेश शुल्क निर्धारण गरिएको सचिव शंकर काफ्लेले बताए। साथै उनले विद्यार्थीहरुलाई परिचय पत्रको आधारमा ४० रुपियाँ एवं ७० वर्षभन्दा माथिका जेष्ठ नागरिक र असक्त तथा अपाङ्गहरुलाई प्रवेश शुल्क नलाग्ने बताए।

मेलामा स्थानीय तथा राष्ट्रिय कलाकारहरुको समेत विशेष प्रस्तुति रहने उनले जनाए । प्रथम बुटवल फिस टनेल एण्ड दुबई सिटी साँस्कृतिक तथा रमाइलो मेलाको सह-आयोजकमा बुटवल उप-महानगरपालिका वडा नम्बर ११ र संरक्षकमा बुटवल उप-महानगरपालिका रहेको छ।

## महाधिवेशनमा कार्यकर्ताले फैसला गर्छन् : ओली

बुटवल । नेकपा एमालेका अध्यक्ष केपी ओलीले पार्टी पुनर्गठनको माग गर्दै केहीले नेताहरू अनुशासनहीन तरिकाले प्रस्तुत भएपछि महाधिवेशन गर्न लागेको बताएका छन्।

विद्वत वर्गसँगको अन्तर संवादमा उनले केही नेताहरूले उपद्रो मच्चाएपछि एक वर्षपछि गरे हुने महाधिवेशन अहिले गर्न लागेको बताए । उनले भने-'ठिक छ, महाधिवेशनमा पुनर्गठन गरौँ न त । काम नगर्नेहरू गए हुन्छ, काम गर्ने बसे हुन्छ। कसले काम गरेको छ, छैन कार्यकर्ताले देखेको छ। कार्यकर्ताले फैसला गर्छ, यो दिनरातको च्याइँच्याइँ। मिडियामा गएर जतातत‍ै बोलेको छ।'

उनले प्रतिक्रियावादका विरुद्ध लड्नुपर्ने बेलामा आफ्नो राजीनामा मागिएको भन्दै असन्तुष्टि जनाए। ओलीले ०७७ सालमा आफूलाई पार्टी सदस्यबाटै हटाउनेहरूलाई उपाध्यक्ष बनाएर पार्टी अघि बढाएको सुनाए । अष्टलक्ष्मी शाक्य, युवराज ज्ञवाली, सुरेन्द्र पाण्डे, योगेश भट्टराई, गोकर्ण विष्टलगायतलाई लक्षित गर्दै उनले भने-'उनीहरूले कराँते सिक्ने भनेको अन्त होइन, मैरै टाउकोमा हान्नको लागि हो । अभ्यास नै त्यही भयो । जसले निकाल्यो, उनीहरूलाई मैले उपाध्यक्ष र सचिव बनाएको हो। नत्र भने कहाँबाट आउँथे ।' उनले माधव नेपालहरूले एमाले ध्वस्त पार्न खोजे पनि आफूले बचाएर यहाँसम्म ल्याएको जिकिर गरे।

## कांग्रेसको महाधिवेशन पुसभित्र : शेखर

बुटवल। नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालाले पार्टीको १५औं महाधिवेशन पुस मसान्तसम्ममा गरिसक्नुपर्ने बताएका छन्।

काठमाडौंमा उपलब्ध जिल्ला सभापति तथा पूर्वजिल्ला सभापतिहरूसँगको छलफलमा उनले समयको माग, वर्तमान अवस्थालगायत कारणले आगामी मङ्सिरमा महाधिवेशन गर्न सकिएन भने कुनै पनि हालतमा पुस मसान्तसम्म गरिसक्नपर्ने धारणा राखे।

नेता कोइरालाले भने-'आउँदो आमनिर्वाचनभन्दा पहिले महाधिवेशन सम्पन्न गरी नयाँ र ताजा नेतृत्वसहित चुनावमा जानुपर्छ। महाधिवेशन मङ्सिर मसान्तभित्रै सम्पन्न गर्नुपर्ने विषय धेरै पहिलेदेखि भन्दै आएको छु।'

» बाँकी ३ पेजमा

## विप्लव, घनश्याम र जनार्दन मिलेर जाने

बुटवल। नेत्रविक्रम चन्द विप्लव, घनश्याम भूसाल र जनार्दन शर्माले एक भएर अघि बढ्ने संकल्प गरेका छन्।

प्रेस वक्तव्य निकालेर उनीहरूले भनेका छन्-'हामी त्यस्तो ऐतिहासिक पहलकदमीका लागि सहकार्य गर्दै एकताबद्ध भएर अगाडि बढ्न संकल्पबद्ध भएका छौं।'

साथै उनीहरूले सबै प्रतिबद्ध कम्युनिस्ट, समाजवादी, प्रगतिशील तथा देशभक्तहरूसँग सार्थक संवाद, छलफल र सहकार्यका लागि आह्वान गरेका छन्।

» बाँकी ३ पेजमा

## लाइसेन्स छपाइ सुरु

बुटवल । काभ्रेमा रहेको सुरक्षण मुद्रण केन्द्रमा सवारीचालक अनुमति पत्र (लाइसेन्स) छपाइ सुरु भएको छ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले शुक्रबार बटम थिचेर सवारीचालक अनुमति पत्र (लाइसेन्स) छपाइ शुभारम्भ गरेका छन्। पहिलो चरणमा यातायात व्यवस्था विभागले दिएको १२ लाख सवारीचालक अनुमति पत्र छपाइ गरिने केन्द्रका कार्यकारी निर्देशक देवराज ढुंगानाले जानकारी दिए।

उनका अनुसार केन्द्रमा सुरुमा दैनिक ५ सय प्रति सवारीचालक अनुमतिपत्र छापिनेछ । कार्यकारी निर्देशक ढुंगानाका अनुसार शुक्रबारकै मितिदेखि नागरिकता, अन्तःशुल्क स्टिकर, हुलाक टिकट, लालपूर्जा र भिषा स्टिकर छपाइ गर्न सकिनेछ। सुरक्षण मुद्रण केन्द्रमा हालसम्म झण्डै तीन अर्ब रुपैयाँ लगानी भएको छ।

» बाँकी ३ पेजमा

## मतदाता परिचय बनाउन अपिल

बुटवल । प्रधानमन्त्री सुशीला कार्कीले नयाँ मतदातालाई मतदाधिकारको सदुपयोग गर्न आग्रह गर्दै मतदाता परिचय बनाउन अपिल गरेकी छिन्। शुक्रबार एक भिडियो सन्देश जारी गर्दै उनले नजिकैको निर्वाचन कार्यालयमा गएर मतदाता परिचय बनाउन उनले आग्रह गरेकी छिन्।

'विद्यमान बेथितिसँग लड्न र देश विकासमा सँगै अगाडि बढ्न हरेक योग्य नागिरकले आफ्नो मताधिकारको सदुपयोग गरौं,' उनले भने-'मताधिकारको सदुपयोग गर्न नजिकैको निर्वाचन कार्यालय गएर आजै मतदाता परिचय बनाऔं।'

» बाँकी ३ पेजमा

## राष्ट्रिय परिचयपत्रको आधारमा भोट हाल्न पाउनुपर्ने माग

बुटवल। नेपाल 'जेनजी फ्रन्ट'ले राष्ट्रिय परिचयपत्रको तथ्याङ्कका आधारमा निर्वाचनमा केन्द्रमै 'बायोमेट्रिक्स' रुजु गरेर मतदान गर्ने व्यवस्था मिलाउन माग गरेको छ। मतदाता नामावली सङ्कलनमा देखिएको सीमितताले बालिग मतदातामा उत्साह नदेखिएको जनाउँदै फ्रन्टले आगामी निर्वाचनमा नागरिकको मताधिकार सुनिश्चित गर्न सरकार र निर्वाचन आयोगसँग माग गरेको हो।

"राष्ट्रिय परिचयपत्रमार्फत् नागरिकले एकपटक बायोमेट्रिक्स विवरण दिइसकेको अवस्थामा त्यसैका आधारमा मतदान गर्न दिँदा फर्जी मतदानको समस्या नहुने र मतदातालाई समेत सहज हुने भएकाले जनमुखी र समाधानमुखी काम गर्न सम्बद्ध सबैमा अपिल गर्दछौं।"-फ्रन्टका संयोजक रक्षा बमद्वारा शुक्रबार जारी विज्ञप्तिमा उल्लेख छ।

» बाँकी ३ पेजमा

## गौतमबुद्ध विमानस्थलमा १० वर्षमा ५० लाख पर्यटक ल्याउने एजेण्डा



**मोहम्मद हबिब**
*भैरहवा*

पार्टी गठनको प्रक्रियामा रहेको गतिशील लोकतान्त्रिक पार्टीले देशमा पर्यटन, कृषि, शिक्षा, स्वास्थ्य र उर्जाको माध्यमबाट विकास गर्ने विषयमा देशव्यापी रुपमा छलफल सुरु गरेको छ । गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई प्रभावकारी ढंगले सञ्चालन गरी पर्यटन प्रवर्धन र आर्थिक विकास कसरी सम्भव छ भन्ने विषयमा भैरहवामा अवधारणा सार्वजनिक भएको हो । भैरहवामा मुलुकको आर्थिक समृद्धिसँगै रोजगारी वृद्धिका लागि पर्यटन एजेण्डामा रही पार्टीको अवधारणा सार्वजनिक भयो । नेपालको पर्यटन दृष्टी २०३५ को प्रस्तुतिमा बुद्ध एयरका कार्यकारी अध्यक्ष वीरेन्द्रबहादुर बस्नेतले अबको १० वर्षमा ५० लाख पर्यटक भित्राउँदै ३० लाख रोजगारी सिर्जना गर्ने सकिने तथ्य प्रस्तुत गरे । विज्ञसहितको टोलीले अध्ययन, अनुसन्धान र तथ्याङ्कलाई आधारमानि समृद्धिको आधार पर्यटन नै रहेको दाबी गर्दै यो तथ्याङ्क रिर्पोटको भन्दा आधा रहेको समेत बताए।

भैरहवाको विमानस्थल पर्यटन भित्र्याउने विकल्पको रुपमा रहेको छ। यहाँबाट संसारसँग जोड्न सकिन्छ। हरेक दिन प्रतिघण्टा ६ वटासम्म अन्तर्राष्ट्रिय उडान गर्न सक्ने क्षमता यहाँको रहेको रिर्पोट छ। भैरहवाबाट लामो दुरीको अन्तरमहादेशीय उडान हुन सकिने बुद्ध एयरका अध्यक्ष समेत रहेका बस्नेतले जनाए।

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र भारतको नयाँ दिल्लीस्थित विमानस्थलबिच समानता रहेका कारण यहाँबाट वाइडबडी जहाज सञ्चालन गर्न सम्भव छ । विमानस्थल सञ्चालनका लागि कम्तिमा ५० वटा जहाज आवश्यक हुन्छ र आफूहरुले अभिभारा प्राप्त गरेमा जहाज खरिद गरेर भए पनि विमानस्थल चलायमान बनाउन सकिने अवधारणा पेश गरे।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भौगोलिक र उपत्याका भएको कारण चार/पाँच घण्टाको भन्दा लामो उडान गर्न ठूला जहाजलाई गाह्रो छ, जहाजलाई लोड पनि पर्छ। तर गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट सबै भन्दा लामो दुरी भनेको अमेरिकाको टोरन्टो, न्युयोर्क लस एन्जल्स सिधा उडान गर्न सक्ने क्षमता राख्छ, जसले विश्व नै जोड्न सकिने उनको भनाइ छ।

» बाँकी ३ पेजमा



दैनिक लुम्बिनीको साप्ताहिक कोशेली

# पाहुर



तपाईंका लागि...

२०८२ कात्तिक २२ गते, शनिबार

## बिट्विन द लाइन्स्...

कवि कविताको व्यापार नगरोस्
शब्दको निर्मम हत्या नगरोस्
अबला कागजको कुमारित्वमा
हातपात नगरोस्
आफ्नो विचारको व्यभिचार नगरोस्।

– कालीप्रसाद रिजाल
('कविताको कविता'बाट)

**क्लासिक कथा**

# इभान इल्यीचको मृत्यु– ३

**लेभ तोल्सतोइ**

*(१९औं शताब्दीका महान् साहित्यकार लेभ तोल्सतोइको कथा र उपन्यासहरू अहिले पनि संसारभर उत्तिकै श्रद्धा र रुचिपूर्वक पढिन्छ। नेपालमा पनि तोल्सतोइ पाठकहरूमाझ अझै रुचिका लेखक हुन् तर नेपाली भाषामा उनका रचनाहरूको अप्राप्यताले गर्दा धेरै पाठकहरूलाई कठिनाई महसुस हुन्छ। लेभ तोल्सतोइका केही प्रसिद्ध रचनाहरू सोभियतकालमा नेपालीमा अनुवाद भएको थियो तर ती बजारमा दुर्लभप्राय छन्। सन् १९८४ मा रादुगा प्रकाशनले 'लेभ तोल्सतोइः कथा-कहानी' शीर्षकमा छ वटा कथाको संकलन प्रकाशन गरेको थियो। ती सबै कथाका अनुवादक कृष्णप्रकाश श्रेष्ठ हुनुहुन्थ्यो। उक्त संग्रहमा 'दुई हुस्सार', 'पारिवारिक सुख', 'खोल्स्तोमेर', 'इभान इल्यीचको मृत्यु', 'क्रुजर सनेट' र 'नाच सकिएपछि' कथाहरू संकलित छन्। पाहुरका पाठकलाई क्लासिक रचनासँग परिचित गराउने उद्देश्यले उक्त संग्रहबाट यो कथा साभार गरिएको छ। कथा भनेतापनि लघु उपन्यासको आकारमा लेखिने रुसी कथाहरूको विशेषता हो। त्यसैले कथालाई भाग भागमा प्रकाशन गरिएको छ।)*

इयसरी नै इभान इल्यीचले विवाहित जीवनको पूरै सत्र वर्ष बिताए। अब उनी एक अनुभवी सरकारी अभियोक्ता बनिसकेका थिए। अन्य केही पदहरूमा सरुवा हुने मौका पनि उले पाएका थिए, तर अझ बढी अनुकूल ओहोदा भेट्टाइने आशा राखेर ती सबै ठाउँहरू उनले अस्वीकार गरिदिएका थिए। यत्तिकैमा अचानक एउटा यस्तो अप्रिय घटना घट्यो जसले गर्दा उनको जीवनको शान्ति नै झण्डै खल्बलियो। इभान इल्यीच चाहिं कुनै विश्वविद्यालययुक्त शहरमा प्रधान न्यायाधीशकै पद टप्काउने आशा राखेर बसेका थिए। परन्तु गोप्पे भन्ने कुनै व्यक्तिले कसरी हो कुन्नि उनलाई उछिन्यो र त्यो पद टप्काइहाल्यो। इभान इल्यीच रीसले चूर भइहाले र गोप्पे तथा माथिका हाकिमहरूउपर आरोप, घोचपेच र घुर्की समेत लगाउन थाले। यसको परिणाम के भयो भने आफूभन्दा माथिल्लो दर्जाका हाकिमहरूले उनबाट मुख फर्काइहाले र त्यसपछि खाली हुन गएका पदहरूमा समेत उनलाई कुनै वास्ता गरिएन।

यो सन् १८८० को कुरा हो। त्यो साल इभान इल्यीचको जीवनमा सबभन्दा खराब वर्ष सावित भयो। एकातिर उनको आय कम थियो र त्यसबाट परिवारको गुजारा नै चलिरहेको थिएन भने अर्कोतिर चाहिं सबैले उनलाई बेवास्ता गरिरहेका थिए। आफूप्रति गरिएको यस्तो व्यवहारलाई उनी क्रुर, अनुचित र अन्यायपूर्ण ठानिरहेका थिए भने अरुहरूलाई चाहिं त्यो ज्यादै सामान्य कुरा लागिरहेको थियो। कहाँसम्म भने आफूलाई जन्माउने बाबुबाट समेत उनले कुनै सहायता पाउन सकेनन्। वार्षिक ३५०० रूबल तलब पाइने उनको अवस्था सामान्य मात्र नभएर अझ भाग्यशाली समेत छ भन्ठानेर सबैले उनीप्रति सहानुभूति जनाउन छोडिदिएका छन् भन्ने इभान इल्यीचलाई लाग्न थाल्यो। उनीप्रति गरिएको अन्याय, उनकी पत्नीको रातदिनको कचकच र आम्दानीभन्दा बढी खर्चले गर्दा आफ्नो थाप्लोमा पर्दैगइरहेको ऋणको बोझलाई ध्यानमा राख्ने हो भने उनको स्थिति सामान्य थिएन भन्ने त उनै एक जनालाई मात्र थाहा थियो।

खर्चमा केही किफायत भैहालोस् भन्नाखातिर त्यस साल ग्रीष्मऋतुमा घरबिदा लिएर उनी सपरिवार आफ्नी पत्नीको दाजुको गाउँतिर लागे।

गाउँमा कुनै काम नभउको हुँदा इभान इल्यीचलाई ज्यादै नियास्रो लाग्यो। जिन्दगीभर उनले कहिल्यै पनि यरी हात पोको पारेर बस्नुपरेको थिएन। उनी कहाँसम्म दिक्दार भैसकेका थिए भने यसरी त बाँच्न नै नसकिने ठानेर उनले कुनै न कुनै काम गर्ने र कुनै निर्णायक कदम चाल्ने अठोट गरे।

एक रात उनलाई पटक्कै नींद नै लागेन र बरण्डामा ओहोर-दोहोर गर्दै उनले सारा रात छलंङ्गै काटे। त्यसै रात उनले सोझै पिटर्सबग जाने निश्चय गरे। त्यहाँ गएर कुनै अर्कै मन्त्रालयमा आफ्नो सरुवा गराउने र जसले उनको कामको उचित कदर गरेनन् उनीहरूलाई उचित सजाय दिलाउन भनसुन गर्ने उनको विचार थियो।

भोलिपल्ट नै उनी पिटर्सबर्गतर्फ रमाना भैहाले। हुन त उनकी पत्नी र जेठानले उनलाई रोक्ने खूब कोशिस गरेका थिए तर उनले मान्दैमानेनन्।

उनको सामुन्ने एउटै मात्र लक्ष्य थियो– त्यहाँ गएर पाँच हजार रूबल तलब ठेकिएको कुनै जागिर खोज्नु। काम कुन मन्त्रालय वा विभागमा पाइने हो या कुन किसिमको हुने हो भन्ने कुराको उनलाई उतिसारो चासो थिएन। उनलाई त पाँच हजार तलब पाइने कुनै पनि एउटा पद चाहिएको थियो, चाहे त्यो कुनै प्रशासकीय विभागमा होस्, कुनै ब्याँकमा होस्, कुनै रेलवेमा होस्, सम्राज्ञी मारियाकै कुनै संस्थामा होस् र अझ कहाँसम्म भने भन्सारअड्डामा नै किन नहोस् ! मुख्य कुरा के थियो भने तलब चाहिं पाँच हजार रूबल नै हुनुपर्थ्यो जसले गर्दा उनले त्यस मन्त्रालयमा अब काम गर्न नपरोस् जहाँ उनको कामको कुनै कदर नै भइरहेको छैन।

यस यात्रामा इभान इल्यीचलाई अप्रयाशित र आश्चर्यजनक सफलता प्राप्त भयो। रेलगाडी कुर्स्कमा पुग्दा पहिलो श्रेणीको उनके डब्बामा फ.स. इल्यीन पनि बस्न आइपुग्यो जसलाई उनी पहिलेदेखि नै चिन्दथे। उसैले उनलाई के बतायो भने कुर्स्कका गभर्नरले भर्खरै मात्र एउटा यस्तो तार पाएका छन् जसमा सूचित गरिएअनुसार मन्त्रालयमा ठूलो अदलीबदली हुने छाँट छ र प्योत्र इभानोभिचको स्थानमा इभान सेम्योनोभिचको नियुक्ति हुनेभएको छ।

यस सम्भावित पुनर्गठनको महत्त्व रुसको निम्ति त हुने नै भयो, साथै इभान इल्यीचको निम्ति पनि यसको विशेष महत्त्व थियो। सम्भवतः उनले एक जना नयाँ मान्छे प्योत्र पेत्रोभिचलाई पनि अगाडि ल्याउनेछन्। थाहा भएकै कुरा हो कि उसको साथी जाखार इभानोभिचले पनि तरक्की गर्नेछ। यसरी परिस्थिति स्वतः नै इभान इल्यीचको अनुकूल बन्दै गइरहेको थियो। जाखार इभानोभिच इभान इल्यीचको मित्र थियो–ती दुवै सहपाठी नै थिए।

मास्को पुगेपछि यस खबरको पुष्टि पनि भयो। पिटर्सबर्ग पुग्नेबित्तिकै इभान इल्यीच जाखार इभानोभिचलाई भेट्न गए। उनको पहिलेकै न्यायमन्त्रालयमा नै उनलाई राम्रो जागीर मिलाइदिने उसले वचन पनि दियो।

त्यसको एक सातापछि नै उनले आफ्नी पत्नीलाई निम्न बेहोराको तार पठाएः

"मिल्लेरको ठाउँमा जाखारको नियुक्ति भयो। पहिलो रिपोर्टपछि नै मेरो पनि नियुक्ति हुनेछ।"

यो पुनर्गठन इभान इल्यीचको लागि ज्यादै नै लाभदायी सिद्ध भयो। अचानक उनले आफ्नै मन्त्रालयमा एक यस्तो पद पनि भेट्टाइहाले जसले गर्दा उनी आफ्ना सहकर्मीहरूभन्दा पूरै दुई तह माथि पुगेः पाँचहजार तलब र त्यसमाथि साढे तीन हजार रूबल लगाफाटोखर्च र भ्रमणभत्ता पनि। आफ्ना पहिलेका विपक्षीहरू र पूरै मन्त्रालयको विरुद्ध उनको सारा रीसईबी तत्कालै साम्य भएर गयो। अब उनी एकदमै खुशी थिए।

इभान इल्यीच गाउँ फर्किए। उनको मन ज्यादै प्रफुल्ल र सन्तुष्ट थियो। पहिले उनी कहिल्यै पनि यति रमाएका थिएनन्। प्रस्कोभ्या फ्योदोरोभ्ना पनि प्रशन्न भइन् र केही समयको लागि घरमा शान्ति छायो। पिटर्सबर्गमा आफ्नो कस्तो स्वागतसत्कार भयो, उनका विरोधीहरू सबैको नूर कसरी गिराइयो र अब उनीहरू कसरी उनको अगिल्तिर चेपारे भइटोपल्छन् तर पिठ्यूँपछिल्तिर चाहिं डाह गर्नेगर्छन् भन्ने विषयमा इभान इल्यीचले एकएक बयान गरे। पिटर्सबर्गमा सबैले उनीप्रति कस्तो स्नेह देखाएका थिए भन्ने नै उनले खास गरी चर्चा गरेका थिए।

प्रस्कोभ्या फ्योदोरोभ्नाले बडो ध्यान दिएर उनको बयान सुनिन् र बीचबीचमा उनको कुरा पनि काटिनन्। उनले यस कुरामा आफूलाई खूबै पत्यार परेको जस्तो अनुहार पनि लगाइन्। उनी त अब नयाँ शहरमा पुगेर नयाँ किमिसको जीवन बिताउने चाँजोपाँजो कसरी मिलाइनेछ भन्ने मात्र सोचविचार गरिरहेकी। आफ्नी पत्नीको इच्छा आफ्नै इच्छाको अनुकूल छ र उनीहरू दुवै जना नै एक दोस्रोको विचारप्रति सहमत छन् भन्ने थाहा पाइँदा इभान इल्यीच औधि नै रमाए। उनको कुण्ठित जीवन अब फेरि सुखमय र सुरुचिपूर्ण हुनेछ भन्ने उनले विचार गरे। यही नै उनलाई स्वाभाविक पनि लागिरहेको थियो।

इभान इल्यीच केही दिनको लागि मात्रै गाउँमा फर्केका थिए। दस सेप्टेम्बरका दिन त उनले नयाँ पदको बहाली लिनुपर्नेथियो। यसको साथसाथै नयाँ शहरमा पुगेर डेरा डण्डाको पनि बन्दोबस्त मिलाउनुपर्थ्यो, आफ्नो पुरानो ठाउँबाट सारा मालसामान ओसार्नुपर्थ्यो, थुप्रै नयाँ मालमत्ताहरू किन्नुपर्थ्यो र कैयौं चीजको आडर दिनुपर्थ्यो। छोटकरीमा भन्ने हो भने जुन किसिमको नयाँ जीवनको रूपरेखा उनको मनमा खिचिएको थियो त्यसालाई नयाँ शहरमा पुगेर साकार तुल्याउनुपर्थ्यो। जीवनको यस्तो रूपरेखा नै प्रस्कोभ्या फ्योदोरोभ्ना सबै कल्पना र तर्कनाहरूको निचोड थियो।

सबै चाँजोपाँजो ज्यादै राम्रोसँग मिल्न भएको थियो। जोईपोइको विचार मिल्दोजुल्दो थियो र एक दोस्रासँग उनीहरूको भेटघाट पनि कमै हुनेगर्थ्यो। तसर्थ उनीहरूको सम्बन्ध पनि यति मैत्रीपूर्ण हुन गएको थियो जति विवाह पहिला दिनहरूपश्चात् जीवनमा अहिलेसम्म कहिल्यै हुँदैभएको थिएन। इभान इल्यीचले आफ्नो पूरै परिवारलाई पनि तुरुन्तै साथमा लग्ने विचार गरेका थिए, तर इभान इल्यीच र उनको परिवारप्रति एकाएक ज्यादै आत्मीय र स्नेहपूर्ण बन्न पुगेका जेठान र उसकी पत्नीको आग्रह टाल्न नसकेर इभान इल्यीचले एक्लै जाने निश्चय गरे।

इभान इल्यीच हिंडि पनि हाले। उनको मन गद्गद थियो। एक त उनले सफलता हासिल गरेका थिए, अनि दोस्रो चाहिं आफ्नी पत्नीसँग पनि उनको हितचित मिलेको थियो। एउटा कुराले अर्कोको परिपूर्ति गरिरहेको थियो। यात्राकालभरि नै उनको मनस्थिति यस्तै रह्यो। बस्ने डेरा पनि निके राम्रो पाइयो–ठीक त्यस्तै जस्तो दुवै जोईपोइले खोजेका थिए। अग्लो छत भएका र पुरानो छाँटका ठूल्ठूला कोठाहरू, एउटा खुला र सुविधाजनक अध्ययन-कक्ष, पत्नी र छोरीको निम्ति छुट्टाछुट्टै कोठाहरू, छोरोका पढ्ने कोठा–यस्तो भान पर्दथ्यो, मानौं त्यो घर उनीहरूकै आवश्यकतालाई ध्यानमा राखेर बनाइएको होस्। घर सजाउने सारा काम पनि इभान इल्यीचले आफ्नै हातमा लिए। भित्तेकागज, झ्यालको पर्दा, सतरञ्जा, खास गरी पुरानो ढाँचाका मेच-टेबिल जुन उनलाई विशेषतः सुरुचिपूर्ण शैली लाग्ने गरेको थियो। उनले यी सबै कुराहरू किन्दै लगे र उनको निवासगृह त्यस आदर्श नमूनाको अनुरूप बन्दैगयो जुन उनले कल्पना गरेका थिए।

आधा जति काम समाप्त भएपछि त घरको रूप देखेर उनी आफै दंग परे। उनले कल्पना गरेकोभन्दा पनि राम्रो रूप थियो उनको त्यस डेराघरको। तैयारी पूरा भैसकेपछि त उनको डेराको साजसज्जा कति भव्य र कति सुरुचिपूर्ण हुनेछ भन्ने उनी त्यतिखेरै पनि कल्पना गर्न सक्थे। त्यहँ पाखेपनाको किञ्चित् पनि झलक पाइनेछैन। राति सुत्दा समेत उनको आँखा अगाडि त झकिझकाउ पारेर सजाइएको त्यसै बैठककोठाकै झझल्को आइरहन्थ्यो। त्यो बैठक कोठाको सजावट अझै समाप्त भैसकेको थिएन, तर जब उनी त्यहाँ चियाएर हेर्नेगर्थे त आतखाना, त्यसअगिल्तिरको पर्दा, दराज, जताततै छ्याल्यब्याल्य परिरहेका मेचहरू, भित्तामा टाँगिएका चिनियाँ माटोका सुन्दर रिकापीहरू, आ-आफ्ना ठाउँमा सिंगारेर राखिएका काँसका मूर्तिहरू झल्झल देख्नेगर्थे। पाशा र लिजान्का जब यहाँ आइपुग्लान्, त्यतिखेर उनीहरूलाई यो सब एक एक गरेर देखाउँदा उनीहरू कति रमाउलान् भन्ने विचार गर्दा उनी स्वयं नै दंग पर्थे। यी चीजहरूमा उनीहरूलाई पनि रुचि थियो। उनीहरूले यो सब देख्न पाउने त कल्पना समेत गर्न सक्दैनथे। राम्रो मौका परेकोले पुराना फर्निचरहरू उनले सस्तैमा भेट्टाएका थिए। ती फर्निचरहरूले गर्दा घरको कब्जामा एक विशेष सौम्यता झल्केको थियो। आफ्ना चिठ्ठीहरूमा उनी हरेक चीजको वर्णन जानाजान नै केही घटाएर दिनेगर्थे जसले गर्दा उनीहरू आउँदा घर देखेर दंगदास पर्न सक्थे। यिनै कामहरूमा उनी कति व्यस्त रहन थाले भने आफ्नो नयाँ सरकारी काममा समेत उनले यथोचित ध्यान दिइ पाइरहेका थिएनन्। यस्तो पनि स्थिति आउला भन्ने त पहिले उनले ठानेकै थिएनन्, किनभने उनलाई सरकारी काम नै सबभन्दा बढी मन पर्थ्यो। कचहरीमा बसिरहेको बेला कहिलेकाहि उनलाई उच्चाट लाग्न थाल्थ्यो र उनको मन बहकिन थाल्थ्यो। 'पर्दाको माथिल्लो भाग खुलै रहन दिनु ठीक होला कि बन्द गर्नु बेस होला ?'– उनी यस्तो तर्कना गर्न पुग्थे। यस काममा उनी कहाँसम्म तल्लीन भएका थिए भने अक्सर आफै नै संलग्न हुन पुग्थे, स्वयं नै झ्यालका पर्दाहरू टाँग्नेगर्थे र अझ दराज र मेच-टेबिल समेत स्वयं नै एक ठाउँबाट अर्को ठाउँमा सार्न पुग्थे। एकपल्ट कुनै एक अबूझ कामदारलाई कसरी पर्दा हाल्ने भन्ने कुरा बुझाउन भनेर सिढी उक्लन लाग्दा खुट्टा चिप्लेर उनी झण्डै झण्डै पछारिन पुगेका थिए। तर ज्यादै टाठोबाठो र बलियो मान्छे भएको हुँदा उनी तुरुन्त नै सतर्क भइहाले। पछारिन लाग्दा चाहिं खालि उनको ढाड मात्रै खापाको हातामा बजारियो र यसले गर्दा उनलाई अलिकति चोट लाग्न गयो। केही समयसम्म उनको ढाड दुखेको समेत थियो, परन्तु त्यो पीडा छिटै नै बिलाएर गयो। त्यसताका इभान इल्यीच विशेष स्वस्थ र प्रशन्नचित्त देखिन्थे। उनले लेखेका थिएः 'मेरो उमेरमा पन्ध्र वर्षको कटौती गरिएको पो हो कि त भने जस्तो मलाई लाग्ने गरेको छ।' सबै काम सेप्टेम्बरको अन्त्यसम्मा समाप्त भैहाल्नेछ भन्ने उनले ठानेका थिए, परन्तु अक्टोरबको मध्यसम्म पनि काम चलि नै रह्यो। तर जस्तो परिणाम निस्कियो सो अति विस्मयकारी थियो। उनको मात्र विचार यस्तो भएको होइन, बरु उनको डेरामा आउने जो कोही पनि यस्तै भन्नेगर्थ्यो।

वास्तविक कुरा चाहिं के थियो भने उनले पनि आफ्नो घरडेरा त्यस्तै नै रूपमा तयार पारेका थिए जस्तो उनकै सरह औकात भएका ती सबैले नै बनाउन खोज्छन् जो स्वयं त उति सम्पन्न हुँदैनन्, तर धनी झैं देखिने चाहना राख्ने हुँदा अन्त्यमा खालि एक अर्काको सरह नै बन्न पुगेका हुन्छन्। के पर्दा, के कालीकाठको फर्निचर, के फूल, के गलैंचा, के काँसका मूर्ति–सबका सब नै गाढा रंगका भड्किला थिए अर्थात् ठीक त्यस्तै नै देखिन्थे जस्तो त्यस वर्गका मान्छेहरू जम्मा गर्ने गर्छन् र आफ्नै जोरीपारी सरह बन्न पुग्छन्। उनको डेरामा पनि सबै कुरा त्यस्तै नै थिए जस्तो अरुहरूको डेरामा हुन्छ। यसैले गार्द तिनमा ध्यान पनि जाँदैनथ्यो। परन्तु उनलाई भने यी सब बडो भव्य र बेजोड लाग्नेगर्थे। रेलवे स्टेशनमा आफ्नो परिवारलाई भेटेर बत्ती बालेर झकिझकाउ पारिएको डेरामा उनले ल्याइपुऱ्याए। सेतो नेकटाई लगाइराख्ने एक नौकरले फूलहरूद्वारा सजाइएको द्वारमण्डपको ढोका खोलिदियो। त्यहाँबाट उनीहरू सरासर बैठककोठामा दाखिल भए। अनि सबै नै उनको अध्ययन-कक्षमा पुगे। सबका सब दंग परेका थिए। खुशीले गर्दा इभान इल्यीचको त भुईंमा खुट्टै थिएन। उनले सबैलाई सम्पूर्ण घरडेरा देखाए। उनीहरूको मुखबाट आफ्नो प्रशंसा सुनेर उनी गद्गद भइरहेका थिए र आत्मसन्तोषले गर्दा उनले मुहार चम्किरहेको देखिन्थ्यो। कसरी उनी चिप्लिन पुगेका थिए भनेर त्यसै साँझ चियापानको समयमा प्रस्कोभ्या फ्योदोरोभ्नाले एकाएक प्रश्न गर्दा उनी हाँस्न लागे। कसरी उनी झण्डैले लड्नै आँटिसकेका थिए र कसरी कामदार भयभीत हुन पुगेको थियो भन्ने कुरा नाटकीय ढंगबाट उनले हावभाव गर्दै यसरी बताए पनि– "कसरत गर्ने गरेको खूब काम लाग्यो। मेरो ठाउँमा अरु कोही हुँदो हो त उसको खप्पर नै फुट्न बेर थिएन। मलाई ढाडमा मात्र अलिकति चोट लाग्यो, बस् ! त्यस ठाउँमा छुँदा त अलिअलि अझै पनि दुख्छ, तर बिस्तारै निको हुँदै गैरहेको छ। मामूली नीलडाम बाँकी छ।"

उनीहरू नयाँ घरमा बस्न लागे। राम्रैसँग त्यस घरमा बसोबास गरिसकेपछि, जस्तो कि प्रायः हुने नै गर्छ, सिर्फ एक कोठाको कमी अनुभव हुन लाग्यो। साथै सधैं जस्तो के पनि लाग्न थाल्यो भने तलब अलिकति मात्र, केवल पाँच सय रूबल जति, थप पाइँदो हो त परिवारका सबै खाँचोहरूको पूर्ति हुन सक्नेथियो। जे होस्, सबे कुरा राम्रै चलिरहेको थियो। खास गरी शुरु शुरुमा जुन बखत डेरा सिंगार्ने काम अझै समाप्त भैसकेको थिएन र कैयौं कुराहरू किन्नु, मर्मत गर्नु, एक ठाउँबाट अर्को ठाउँमा सार्नु आदि काम बाँकी नै थियो। सानातिना केही मतभेदहरू रहँदारहँदै पनि जोईपोइ दुवै जना सन्तुष्ट नै थिए र कामको चटारो पनि पनि निकै भएको हनाले मतभेद पनि छिटै नै बिलाएर जान्थे अर्थात् ठूलो रडाको मच्चिने गर्दैनथ्यो। आखिर सबै चाँजोपाँजो मिलिसकेपछि चाहिं जीवन पनि केही नियास्रो लाग्न थाल्यो र कुन्नि के के नपुगेको जस्तो पनि अनुभव हुन लाग्यो। किन्तु त्यस बेला नयाँ मानिसहरूसँग जान-पहिचान पनि बढ्दैगइरहेको थियो, नयाँ जीवन-पद्धतिमा बानी बस्नै गयो र जीवन भरिपूर्ण हुन थाल्यो।

इभान इल्यीच बिहानको समय अदालतमा बिताउँथे र दिउँसोको खाना खान घर आइपुग्थे। शुरु शुरुको समयमा त उनमा निकै उत्साह र उमंग थियो, यद्यपि घरडेराको कारणले गर्दा उनी केही दिक्क पनि हुन पुग्थे। (पर्दा वा मेजपोजमा कतै कुनै दाग लाग्न गयो र पर्दाको कुनै डोरी फुस्कन गयो भने उनी झर्कने गर्थे। उनले सबै कुराको चाँजोपाँजो मिलाउन निकै ठूलो परिश्रम लगाएका थिए र यसैले गर्दा कतै कुनै कुरा बिग्रन गएमा उनलाई झोंक चल्दथ्यो।) परन्तु मोटामोटी तवरमा इभान इल्यीचको जीवन त्यस्तै नै थियो जस्तो उनले बनाउन खोजेका थिए, अर्थात् सुविधाजनक, सुरम्य र शिष्ट। उनी बिहान नौ बजे उठ्थे, कफी खान्थे, खबरकागत पढ्थे र आफ्नो जागीरे बर्दी लगाएर अदालत जान्थे। त्यहाँ उनको दैनिक कामको साँचो पहिलेबाटै सुनिश्चित भैसकेको थियो र त्यसमा उनी सजिलैसित ठ्याप्प मिलिसकेका थिए। त्यहाँ आवेदकहरूसँग भेटघाट, सोधपूछ र ताकेतामा पूर्जीहरूको चलानी, अड्डाको काम इत्यादि तममा गरिन्थ्यो। कचहरीमा मुद्दामाथि बहस चल्थ्यो– खुला र प्राथमिक। यी सबै कामहरूमध्ये यस्ता सब कुराहरूलाई छाँट्ने क्षमता हुनु जरुरी थियो जसले सरकारी काममा बाधा-अड्चन हाल्न सक्थे, यद्यपि ती रोचक र जीवन्त नै किन नहोऊन्। मानिसहरूसँग औपचारिक सम्बन्धसिवाय अरु कुनै पनि प्रकारको सम्बन्ध हुनुहुँदैन। यी सम्बन्धहरूको मूल आधार नै सरकारी काम मात्र हुनुपर्छ र फगत् सरकारी स्तरमा मात्र सम्बन्ध कायम रहनुपर्छ। उदाहरणका लागि भनौं– कुनै मान्छे कुनै काम कुरा बुझ्न अड्डामा आउँछ। इभान इल्यीचले आफ्नो सरकारी ओहदालाई बिर्सेर उससँग एक साधारण व्यक्तिले जस्तै कुरा गर्न थाल्नु कत्ति पनि सुहाउँदैन। परन्तु न्यायालयको एक सदस्यको नाताले उनीसँग त्यस मान्छेको यस्तो सम्बन्ध छ जसको उल्लेख सरकारी शब्दावलीमा सरकारी कागजमा हुन सक्छ भने यस सम्बन्धको परिधिभित्र चाहिं इभान इल्यीच उसको लागि सबै कुरा गरिदिन्छन्, वास्तवमा नै यथाशक्ति सब कुरा गरिदिन्छन्, कहाँसम्म भने उसप्रति उनको व्यवहार अति विनम्र र प्रत्यक्षतया मानवीय मात्र नभएर मैत्रीपूर्ण समेत हुन्छ। तर जसै सरकारी सम्बन्ध समाप्त हुन्छ, त्यतिखेर नै बाँकी सबै सम्बन्ध पनि समाप्त भएर गैहाल्छ। इभान इल्यीचमा सरकारी सम्बन्धहरूलाई अलग्गै राख्ने असाधारण क्षमता थियो। उनी यथार्थ जीवनबाट तिनलाई एकदमै अलग्याउन सक्थे। आफ्नो लामो अनुभव र योग्यताले गर्दा उनको यो क्षमता सूक्ष्म कलाको स्तरसम्म नै विकसित भैसकेको थियो। उनी कहिलेकाहिं ठट्टा गरे झैं गरी आफूलाई कतिसम्म छूट दिनेगर्थे भने केही समयको लागि मानवीय र सरकारी सम्बन्धहरू एकाकार समेत हुन पुग्थे। आफूमा उनी कस्तो क्षमताको अनुभव गर्थे भने आवश्यकता पर्नासाथै आफ्नो दृढ इच्छाशक्तिको सहायताबाट जुनसुकै बेला पनि सरकारी र मानवीय सम्बन्धहरूलाई अलग्याइदिन सक्थे। इभान इल्यीच यो सब काम ज्यादै सजिलोसित, सुमुधुर र शिष्ट तरीकाले, अझ साँच्चै भन्ने हो भने अति कलापूर्ण ढंगले गर्नेगर्थे। फुर्सदको बेला उनी चुरोट चान्थे, चिया पिउँथे, थोरबहुत राजनीतिको चर्चा गर्थे, अलिकति कामधन्धाको पनि गफ भैहाल्थ्यो, थोरै तासका दाउहरूको बारेमा र धेरै चाहिं नयाँ नियुक्तिहरूको बारेमा कुरा गरिन्थ्यो। आखिर थाकेर लस्त भएपछि उनी घर फर्कन्थे, तर उनको मन त्यसै गरी प्रफुल्ल रहन्थ्यो जसरी राम्रो वाद्यवादन समाप्त गरिएपछि कुनै अर्केष्ट्राको प्रधानवादकको मन प्रफुल्ल हुनेगर्छ। घरमा पुग्दा या त उनको पत्नी र छोरी कतै गएका भेट्टिन्थे, या त घरमा कोही पाहुना आइरहेको उनी पाउँथे। उनको छोरो चाहिं जिम्नेजियममा गइरहेको हुन्थ्यो वा आफ्नो अध्यापकसँग पाठ सिकिरहेको हुन्थ्यो। जुन कुरा जिम्नेजियममा उसलाई पढाइन्थ्यो त्यो बडो मेहनत गरेर ऊ कण्ठाग्र नै पार्दथ्यो। सबै कुरा राम्रैसित चलिरहेको थियो। यदि घरमा कोही पाहुना आइरहेका छैनन् भने भोजनपछि इभान इल्यीच कुनै यस्तो नयाँ किताब पढ्नेगर्थे जसको त्यतिखेर खूब चर्चा-परिचर्चा भइरहेको हुन्थ्यो। अनि साँझपख चाहिं उनी मिसिल अर्थात् कागजपत्रहरू जाँच्नेगर्थे, ऐनका दफाहरू भिडाउँथे, साक्षीहरूको बयान ध्यानपूर्वक केलाउँथे र कुन ऐनको कुन दफा उपयुक्त होला भन्ने अड्कल गर्थे। यो काम उनलाई न नीरस लाग्थ्यो, न त रुचिकर नै। तासको खेल खेल्दा पनि अवश्य नै नियास्रो लागेर आउँथ्यो, तर तासको खेल छैन भने चाहिं एक्लै बस्नु वा पत्नीसित बस्नुभन्दा त यो नै बढ्ता राम्रो हुन्थ्यो। समाजका गण्यमान्य पदाधिकारीहरू र तिनका पत्नीहरूलाई घरमा बोलाएर सानोतिनो भोजभतेरको बन्दोबस्त गर्नमा इभान इल्यीचलाई बडो आनन्द लाग्नेगर्थ्यो। यस्ता भोजभतेरको समयमा पनि सधैं त्यस्तै नै हुन्थ्यो जस्तो यी मान्छेहरूको आफ्नो घरमा हुनेगर्थ्यो र साँझ त्यसरी नै बितेर जान्थ्यो जसरी यी मान्छेहरू बिताउने पनि गर्छन्। उनको घरको बैठककोठा पनि त्यस्तै नै थियो जस्तो यी मानिसहरूको घरका बैठकहरू हुन्छन्।

एकपल्ट उनीहरूकहाँ नाच-समारोहको आयोजना गरिएको थियो। नाचगान निकै चहलपहलपूर्ण रह्यो। इभान इल्यीच असाध्यै खुशी भएका थिए। केवल केक र चक्लेटको कुरालाई लिएर मात्र जोईपोइबीच ठूलै रडाको मच्चिएको थियो। प्रस्कोभ्या फ्योदोरोभ्नाले खानपीनको बारेमा अर्कै योजना बनाएकी थिइन्, तर इभान इल्यीचले चाहिं सबै चीजबीज नामूद पसलबाट नै मगाउने जिद्दी गरे। उनले केकहरू पनि थुप्रै मगाए। केक बाँकी रहन गयो र बिल चाहिं पूरै पैंचालीस रूबलको आयो। जोईपोइको बीचमा निकै ठाकठुक पऱ्यो त्यो कलह कतिसम्म गम्भीर र अप्रिय थियो भन्ने अनुमान त केबाट पनि सहजै अनुमान लगाउन सकिन्छ भने प्रस्कोभ्या फ्योदोरोभ्नाले आफ्ना पतिलाई गधा र नामर्द समेत भनिन्। इभान इल्यीचले आफ्नो पुर्पुरोमा हात पुऱ्याए र आवेशमा आएर पारपाचुकेको समेत कुरा सोचे। परन्तु नाच-समारोह भने निकै रमाइलो वातावणमा सम्पन्न भएको थियो। ठूलाबडा मान्छेहरू त्यसमा उपस्थित थिए। इभान इल्यीच राजकुमारी त्रुफोनोभाको साथमा नाचेका थिए। उनी त्यही त्रुफोनोभाकी बहिनी थिइन् जसले 'मेरो भार लगाऊ पार' भन्ने समाजको स्थापना गरेर नाम कमाएकी थिइन्। सरकारी कामबाट इभान इल्यीचलाई जस्तो आनन्द लाग्थ्यो त्यो महत्त्वाकांक्षापूर्तिको आनन्द थियो। आफ्नो सामाजिक जीवनबाट उनी अर्कै किसिमको आनन्द प्राप्त गर्नेगर्थे।

यसबाट उनको अहंको तुष्टि हुन्थ्यो। किन्तु सच्चा आनन्द त उनी तासको खेलबाट पाउँथे। जेसुकै भए पनि र जीवनमा जस्तोसुकै नियास्रोलाग्दो घटना घटे पनि यस आनन्दले एक दीपकले जस्तै उनको जीवनलाई आलोकित गरिदिन्छ भन्ने उनले स्वीकार गर्नेगरेका थिए। चार जना साथीहरू जो असल खेलाडी पनि हुन्छन्, जतिखेर तासको खेलमा हानथाप गर्न थाल्छन्, त्यसबखत मन नै गद्गद भएर आउँछ। (हो, पाँचौ खेलाडी बनेर तास खेल्नमा कुनै मजा आउँदैन, यद्यपि मजा लागिरहेको जस्तो नक्कल भने पार्नुपर्ने हुनजान्छ।) साथै खूब चलाकीका साथ गम्भीर खेल खेल्नु राम्रो हुन्छ (खास गरी त्यतिखेर जब राम्रो तास हातमा परेको हुन्छ)। अनि साँझको खाना र एक गिलास मदिरा पनि होस्। जतिखेर इभान इल्यीच यसरी तास खेल्ने मौका पाउँथे र सानोतिनो दाउ पनि जित्नेगर्थे (ठूला दाउ जितियो भने उनी केही व्याकुल हुन पुग्थे), त्यस बखत राति सुत्ने बेला उनी ज्यादै नै प्रसन्नचित्त सहन्थे।

यसरी उनीहरूको जीवन चलिरहेको थियो। माथिल्लो तहका मानिसहरूसँग उनीहरूको उठबस थियो, उनीहरूको घरमा पनि ठूलाबडाहरू र तन्नेरीहरू नै पाहुना बनेर आएका हुन्थे।

कस्तो खालका मान्छेहरूसँग हेलमेल बढाउनुपर्छ भन्ने कुरामा पति, पत्नी र छोरी तीनै जनाबीच पूर्ण सहमति थियो। एक अर्कासित सल्लाह नै नगरे पनि उनीहरू जसलाई आफूभन्दा तल्लो स्तरका ठान्थे त्यस्ता परिचित त नातेदारहरूबाट पिण्ड छुटाइहाल्थे। यस्ता मान्छेहरू बडो चेपारे भएर उनीहरूलाई भेट्न आउँथे र लोलोपोतो पनि गर्थे।

अनि त्यस बैठककोठामा समेत पस्न हिच्किचाउँदैनथे जसको भित्ता जापानी रिकापीहरूले सिंगारिएको थियो। परन्तु छिटै नै उनीहरूको आवत-जावत बन्द भैहाल्यो र समाजका अति प्रतिष्ठित व्यक्तिहरू मात्रै गोलोभिन परिवारको इष्टमित्रको रूपमा बाँकी रहन गए। लीजाका प्रमाभिलाषी तन्नेरीहरूमध्ये प्रेत्रीश्चेभ पनि एक थियो–दिमित्री इभानोभिच पेत्रीश्चेभको छोरो। त्यो युवक आफ्नो बाबुको सारा जायजेथाको एक मात्र हकवाला थियो र स्वयं पनि न्यायालयमा अधिवक्ता थियो। एक दिन इभान इल्यीचले प्रस्कोभ्या फ्योदोरोभ्नासित यस विषयमा कुरा गरेर उनीहरूको निम्ति त्रोइकाको सयर वा कुनै खेल तमाशाको प्रबन्ध गर्नु कसो होला भन्ने पनि सल्लाहसाउनी गरे। यस्तो थियो उनीहरूको जीवन। कुनै हेरफेरबिना एकपछि अर्को दिन बितेर गइरहेको थियो र सबै कुरा बडो मजासित चलिरहेको थियो।

(क्रमश...)

निबन्ध

# सम्पूर्णताको सिद्धान्त

रोशन शेरचन

नजिकिँदै छ त्यो दिन
त्यस पछिल्तिरको नियम
अत्यन्त सरल, सुन्दर
र चित्ताकर्षक
भएको जब शताब्दी
वा शताब्दियौँपछि हामीले पत्ता लगाउँछौँ
हामीहरू एक-आपसमा भन्नेछौँ
त्यो त्योभन्दा अन्यथा कसरी हुन सक्थ्यो र ?
हामीहरू यति लामो समयसम्म कसरी मूर्ख भयौँ ?

-भौतिकशास्त्री जोन आर्चिवाल्ड ह्विलर, प्रिस्टन

उपरोक्त विचार प्रसिद्ध भोतिकशास्त्री जोन आर्चिवाल्ड ह्विलरले सम्पूर्णताको सिद्धान्त (Theory of Everything) पत्ता लागेपछिको स्थितिलाई कल्पनागरी भनेका थिए्। विश्वकै महानतम् मस्तिष्कहरू अहिले ब्रह्माण्डको सम्पूर्ण विवरण (Complete description) पत्ता लगाउन लागि परेका छन्। हाम्रो ब्रह्माण्डको प्रारम्भको स्थिति थियो कि थिएन ? थियो भने कस्तो थियो ? अन्त कस्तो हुनेछ ? ब्रम्हाण्डको आयु कति हो ? केले बनेको छ ? आदि आदि। यो खोज शताब्दियौँदेखि जारी छ। भौतिकशास्त्रीहरू यी अहम् प्रश्नहरूको उत्तर सम्पूर्णताको सिद्धान्तले दिने विश्वास गर्छन्। धेरै भौतिकशास्त्रीहरू यो सिद्धान्त छोटो र केही गणितीय सूत्रहरूमा अटाउने विश्वास गर्छन्। जसले सहिरूपमा ब्रम्हाण्डका सम्पूर्ण घटनाहरू कसरी घट्यो ? कसरी घटिरहेको छन् ? र कसरी घट्ने छन् ? प्रश्नलाई व्याख्या गर्नेछ। सम्पूर्णताको सिद्धान्तको विराटता र पूर्णताको अनुमान अर्का विश्वप्रसिद्ध सैद्धान्तिक भौतिकशास्त्री स्टिफेन हकिन्सको भनाइबाट गर्न सकिन्छ। हकिन्सका अनुसार यो सिद्धान्त पत्ता लागिसकेपछि पनि भौतिकशास्त्रमा लागिरहनु भनेको सर्वोच्च शिखर सगरमाथा आरोहण गरिसकेपछि अन्य हिमालहरू आरोहण गरिरहनु जस्तै हो।

आर्चिवाल्ड र हकिन्सकै घोष्टसंग हिंड्दै म पनि कल्पना गर्छु। अवश्य त्यो दिन आउनेछ जब सम्पूर्णताको सिद्धान्त पत्ता लाग्नेछ। त्यो दिन कवि रिमालको बतासलाई पातले पछ्याएझैं एक जुगमा एक दिन मात्र आउनेछ। तर त्यो अवश्य आउनेछ। त्यसपछिका दिनहरू त्यसअघिका दिनहरूझैँ रहने छैनन्। त्यो दिन कालविभाजको पानी ढलो सावित हुनेछन्। विश्व मूलतः दुई कालमा विभाजित हुनेछन्। सम्पूर्णताको सिद्धान्त पत्ता लाग्नु अगिको काल र पछिको काल। नेचर, वासिङ्टन पोष्ट, टाईम, न्यूजविकलगायतका अन्तरराष्ट्रिय र राष्ट्रिय पत्रपत्रिकाले आफ्ना अग्रपृष्ठ सो सिद्धान्त पत्ता लागेको समाचारमा खर्चनेछ। ब्रम्हाण्डका उत्पत्ति कसर भयो ? खगोलीय घटनाहरू कसरी घट्यो ? कसरी घटिरहेको छन् ? र कसरी घट्ने छन् ? विषयमा सम्पूर्णताको सिद्धान्तले सहीरूपमा व्याख्या गरको खबर छाप्नेछन्। कसैले समाचार बुझिएन भन्न पाउनेछन् तर त्यसो भन्दैमा ऊ बाचेको ब्रम्हाण्ड त्यो सिद्धान्तबाट अप्रभावित नहुने छैनन्। नाम नै सम्पूर्णताको सिद्धान्त भएपछि खगोलीय पिण्डको मात्र के कुरा, चालममा देखिने हात्ती सुडे, किताबको पृष्ठ चपाउँदै जीवन धान्ने सिल्भर फिस र एक कोषिय अमिवाहरू समेत त्यसको विधानबाट उम्कन सक्ने छैनन्। विश्वकै मेचीदेखि महाकालीसम्म वर्षदिन सर्वसाधारणलाई नियम सिकाउन महानतम् मस्तिष्कहरू गोष्ठी, सेमिनार र कन्फरेन्समा व्यस्त हुनेछन्। केही वर्ष नेपालकै मेचीदेखि महाकालीमा पनि त्यस्ता कक्षाहरू सञ्चालन गरिनेछन्। अधिकांश साक्षरहरूले सम्पूर्णताको सिद्धान्तलाई सम्पूर्णत बुझ्नेछन्। सम्पूर्णताको सिद्धान्त बुझ्नेहरूले नबुझ्नेहरूलाई त्यसरी नै हेर्नेछन् जसरी घोप्टे म्यारिजमा टिप्लु हेरिसकेकाहरूले टिप्लु नहेरेकाहरूलाई खिसीट्युरीको भावले हेर्नेछन्। टिप्लु नहेरेकाहरूलाई असह्य भएपछि एउटा प्रतिनिधिमण्डल राजधानी जानेछन्। दुई चारदिनको घनिभुत वार्तापछि सम्पूर्णताको सिद्धान्तलाई उच्च माध्यमिक तहको पाठ्यक्रममा समावेश गरिने आश्वासन लिएर प्रतिनिधिमण्डल आ-आफना जिल्ला फर्कने छन्। महिनादिनमै आश्वासन पूरा हुनेछन्। टिप्लु नहरेका खेलाडीहरू पाठ्यक्रममा सम्पूर्णताको सिद्धान्त पढिरहेका देखिनेछन्।

यसको परिवर्तनकारी असर सम्पूर्ण क्षेत्रमा देखिन थाल्नेछन्। सृजनशील भनिएको साहित्य, कला र संगीतको क्षेत्रमा पनि यसको प्रभावले रङ् देखाउनेछन्। कविता विधामा त यसको प्रभाव प्रत्यक्ष र वर्णनातित् हुनेछन्। जनता जनार्दनले कविताको रचना प्रक्रिया बुझ्नेछन्। अज्ञात भूतकोस्वरूप लिएको कविताको विम्ब र प्रतीकहरू बोधगम्य हुनेछन्। कविताको विम्ब र प्रतीकहरू नै बोधगम्य भएपछि यसमा टेकेर उभिएको कविताको स्कूलहरू हल्लिनेछन्। परम्परा छिन्नभिन्न हुँदै गएपछि न कसैले कवि मोहन कोइरालाको कवितालाई दुरुह भन्नेछन्। न भूपीको कवितालाई सरल। पाठकहरूले मात्र यी कविताहरूलाई फरक भन्नेछन्। न कसैले मोहन कोइरालाई कम बुझियो भन्नेछन्। न कसैले भूपीलाई बढी बुझियो।

अरु क्षेत्रको थाहा भएन। साहित्यको क्षेत्रमा धेरथोर ओथारो बस्ने भएकोले मैले तिब्र परिवर्तनकारी असर सृजनाको क्षेत्रमा पर्ने देख्नेछु। हालसम्म रहस्यमय रहेको सृजनशीलता रहस्यमय रहने छैनन्। रहस्यमयी नभएपछि सृजनामा आकर्षण रहने छैनन्। आकर्षण नरहेपछि सौन्दर्यशास्त्रीय मान्यता अनुसार सृजना महान रहने छैनन्। महान नभएपछि सृजना सामान्य कर्म मात्र हुनेछन्। जनता जनार्दनले सामान्य कर्मको आधारमा पहिलोपटक साहित्यकारलाई विशिष्ट स्रष्टा भन्ने छैनन्। यो अपमानजनक प्रतिक्रिया अप्रत्याशितरूपमा सुनि सृजनात्मक अहम् भएका साहित्यकारका अहम्हरू छियाछिया हुनेछन्। अहम् नभएका साहित्यकारका नभएका सृजनात्मक अहम्हरू छियाछिया हुनेछन्।

कला कलाको निम्ति कि जीवनको निम्ति ? दिमाग खाने प्रश्नको औचित्य समाप्त हुनेछ। हाईसन्चो नै हुनेछ। यसै साहित्य सौन्दर्यपरक विज्ञान थियो नै। साहित्यको सौन्दर्य हराएर विज्ञानको ज्ञान प्रणालीअन्तर्गत नै आएपछि कलाको प्रश्न नै शेष रहने छैन। विज्ञान अन्तरगत रहेर कविता कविता रहन्छ कि रहँदैन ? प्रश्न यथावत रहँदै पनि समीक्षकहरू कला सम्बन्धि प्रश्न गर्न हिच्किचाउनेछन्। शास्त्रीय कविहरू कविता विज्ञानसिद्ध भएकोमा भुटभुटिनेछन् तर आत्महत्या गर्ने छैनन्। आधुनिक कविहरू जीवनको विपर्यास र विसंगति सोच्दै फिस्स-फिस्स हाँस्नेछन्। सबै कविताहरू सम्पूर्णताको सिद्धान्त-कठघरामा उभ्याइनेछन्। फैसला कविहरूको विपक्षमा हुनेछन् भन्ने पहिल्यै थाहा भइसक्नेछन्।

सैद्धान्तिक रूपमा कवितालाई निहत्था बनाएपछि कविमाथि आक्रमण हुनेछन्। आक्रमण आदिकवि भानुभक्तबाट सुरु हुनेछन्। भानुभक्त कवि होइनन् भन्ने छैनन् बरु कवि भनेको सामान्य जनताभन्दा भिन्न होइनन् भन्नेछन्। आदिकवि भानुभक्तपछि क्रमशः अन्य कविहरूमाथि आक्रमण हुनेछन्। समालोचक, समीक्षकहरू कविको रक्षार्थ आउने छैनन्। कविमहान नरहेपछि नेपाल प्रज्ञा-प्रतिष्ठानको महानता पनि रहने छैनन्। प्रजातन्त्रवादी प्राज्ञहरू रुनेछन्। प्रगतिशीलवादी प्राज्ञहरू हाँस्नेछन्। तटस्थवादी साहित्यकारहरू सधैंझै दोधारमा पर्नेछन्। प्रतिष्ठानको प्राज्ञिकता र प्रतिष्ठा नै रहने छैनन्। त्यसपछि गरिमा, मधुपर्क शाखा र निजी प्रकाशन गृहकोसाहित्यिक शाखाहरू क्रमशः बन्द हुनेछन्। प्रतिस्ठान र विश्वविद्यालयको साहित्यको कारखानाको चिम्नीबाट धुँवा आउन छाड्नेछन्। स्रष्टाहरू आफ्नौ खस्कदो हविगतको द्रष्टा मात्र रहनेछन्। सृजना नरहेपछि हैन सृजनामा यथेष्ठ सृजनशीलता नरहेपछि भयंकर ववंडर मच्चिनेछन्। शास्त्रीय कविहरूले यसलाई अनिष्ट युगको थालनी भन्नेछन्। आधुनिक कविहरूले यसलाई मेटाफिजिक्समाथि फिजिक्सको सुनियोजित षडयन्त्र भन्नेछन्। उत्तरआधुनिक कविहरू सम्पूर्णताको सिद्धान्त-कक्षमा पोष्टमोडर्न कविताको पोष्टमार्टम भएको अभिशप्त हेरिरहनेछन्।

संगीतीक क्षेत्रपनि परिवर्तनकारी असरबाट अछुत रहने छैनन्। संगीतको भौतिकपक्षलाई सम्पूर्णताको सिद्धान्तले बल दिनेछन्। आध्यात्मिक पक्षबाट भने बल लिनेछन्। बल खोसिएपछि संगीतको आध्यात्मिक पक्ष हेर्दाहेर्दै वा देख्दादेख्दै हो तिरोहित हुनेछन्। संगीत मात्र ध्वनिहरूको भौतिक उतारचढाव भएपछि घनघोर हाहाकार शास्त्रीय संगीतमा पर्नेछन्। संगीत न शास्त्रीय हुनेछन्, न आधुनिक। संगीत मात्र संगीत हुनेछन्। मोजार्ट, विथोवेन, वाख र चाइकोभस्कीहरूको उचाइ प्रचण्ड घाममा हिउँचुलीझै पग्लनेछन्। पुर्वकै भीमसेन जोशी, पण्डित जसराज र नरराज ढकालहरूका रागहरूका अलापका लम्बाईं घट्दै जानेछन्। भजन कीर्तनकै भरमा लाखौं भक्तजनको कमलो हृदयमा चलाखीपूर्ण विराजमान भएका भारतखण्ड र नेपालखण्डका घघडान १०८ नानाभाती स्वामीहरू रणभुल्लमा पर्नेछन्। गुह्य कारणलाई सम्पूर्णताको सिद्धान्तले सुलभताका साथ सतहमा ल्याईदिएपछि स्वामीजीहरू पनि सार्वजनिक शौचालयजस्तै सुलभ हुनेछन्। घघडानको मात्रा नघटेका केही घघडानहरू सम्पूर्ण स्थितिलाई लीला भन्नेछन्। घघडानको मात्रा घटिसकेका थोरै घघडानहरू पहिलोपटक पराजय स्विकार्दै भौतिकशास्त्रको शिविरको प्रवेशको तैयारीमा हुनेछन्।

ईश्वर समाप्तप्राय अवधारणा बन्नेछ। मान्छेको चेतनासँग गाँसिएको ईश्वरप्रतिको प्रश्नको सान्दर्भिकता सकिने छ। ईश्वर नितान्त व्यैयक्तिक आस्थामात्र भन्नेमा दुविधा हुने छैन। सम्पूर्णताको सिद्धान्त सत्य सावित भइसकेपछि पनि धर्मभीरु मान्छेहरू तत्कालै परिवर्तन हुने छैनन्। धर्म आखिर विज्ञान रहेछ भन्न रुढ संस्कृतिले दिने छैन। धर्म विज्ञान होइन भन्न प्रमाणित भैसकेकोँ सम्पूर्णताको सिद्धान्तले दिने छैन। त्यस्ता मान्छेहरू समयान्तरको चेपमो दुविधा खेपेर बाँचिरहन्छन्। ईश्वरको अवधारणासँगै ईश्वरीयता पनि सकिनेछ। मानिसको अवचेतन मनको पनि पूर्ण व्याख्या हुनासाथ बुद्धपुरुषहरूको बुद्धत्व पनि शंकाको कठघरामा उभिनेछन्। बुद्धत्व मात्र प्राकृत-जैविकस्थितिमात्र रहनेछ। बुद्धत्वको स्थिति हारमोनहरूको नियमित वा आकस्मिक ईन्टरप्ले मात्र हुनेछन्। इन्ट्यूसनको चेतन मस्तिष्कसँगको सम्बन्ध स्पष्ट हुनेछ। न्युरोनको वर्णमाला त्यसको विशेषताहरूसंग उपलब्ध हुनेछ। मिथकको मृत्यु हुनेछन्। मिथक नरहेपछि त्यसको स्थानमा विज्ञान उभिनेछ। विज्ञान मूल्य निरपेक्ष भएकोले समाज विज्ञानसम्मत् हुँदै जाँदा मानिसका प्रचलित धारणा र मूल्यमान्यताहरू तिब्र परिवर्तन हुँदै जानेछन्। समाज नपत्याउने गतिशील हुनेछन्। बहुजन हिताय बहुजन सुखाय भन्ने विचार नैतिक हुन छाड्नेछन्।

प्रत्येक क्षेत्रलाई मानिसहरूले पुनभार्षित गर्नेछन्। भौतिकशास्त्रीहरू आमूल परिवर्तनका श्रेय सम्झँदै सम्पूर्णताको सिद्धान्तको प्लाकार्ड बोकेर जयजयकार गर्नेछन्। ईतर भौतिकशास्त्रीहरू आमूल परिवर्तनकै श्रेय सम्झँदै हाहाकार गर्नेछन्। शताब्दियौँसम्म यसरी नै समुद्र मन्थन चलिरहनेछन् तर दुर्भाग्यवश हलाहल विष पिउन कोही आउने छैनन्।

('मस्तिष्कहरूको मृत्यु' निबन्ध सङ्ग्रहबाट)

---

**कांग्रेसको...**

महाधिवेशनको तालिका बनाउँदा निर्वाचन आयोगले प्रकाशित गरेको तालिकासँग नबाझिने गरी बनाउनुपर्ने आवश्यतामा जोड दिँदै उनले कांग्रेस अहिले एकताबद्ध, गम्भीर, जिम्मेवार र संयम भएर अगाडि बढ्नुपर्ने आवश्यकता औँल्याए।

उनले भने-'पार्टीसँग सम्बद्ध सबैले राष्ट्र, जनता र लोकतन्त्रलाई प्राथमिकतामा राख्नुपर्छ। विगतमा पार्टीले थुप्रै आरोहअवरोह व्यहोरेकाले आगामी दिनमा एकता नै बल हो भन्ने भावनानुसार एक हुनैपर्छ।'

आफूले पार्टीमा एकता, मेलमिलाप चाहेको बताउँदै उनले गुट, उपगुट र फुटको अन्त्य गर्न कोही कसैप्रति आग्रह-पूर्वाग्रह नराखी अघि बढ्नुपर्ने आवश्यकता औँल्याएका नेता कोइरालाको सचिवालयले जनाएको छ।

नेता कोइरालाले भने-'देशभरका इमानदार, निष्ठावान् र निरन्तर क्रियाशील रहेका साथीहरूले पार्टीलाई बचाइरहनुभएको छ। पार्टीका लाखौँ शुभेच्छुकहरू र बाह्य सबै पक्षले अहिले कांग्रेसको निर्णय हेरिरहेका छन्, पर्खिरहेका छन्।'

उता नेपाली कांग्रेसको जारी केन्द्रीय समिति बैठकमा मंसिर २४ गते विशेष महाधिवेशन गर्ने प्रस्ताव भएको छ।

केन्द्रीय सदस्य मधु आचार्यले विशेष महाधिवेशनको मितिको प्रस्ताव प्रस्तुत गरेका हुन्।

**विप्लव...**

भूसाल नेकपा एकीकृत समाजवादीमा महासचिव थिए। जनार्दन नेकपा माओवादी केन्द्रमा उप-महासचिव थिए। विप्लव कम्युनिस्ट पार्टी नेपालको महासचिव हुन्। यी तीनै जना पुष्पकमल दाहाल प्रचण्ड संयोजक र माधव नेपाल सहसंयोजक बन्ने गरी भएको पार्टी एकतामा सामेल भएनन्।

तीनै जनाले शुक्रबार संयुक्त प्रेस वक्तव्य निकालेर एक भएर अघि बढ्ने संकल्प लिएका हुन्। विज्ञप्तिमा पुराना दल, तिनका नेताहरु पुरानै संरचना र तरिका जोडजाड गरेर सङ्कटलाई ढाकछोप गर्न र आफ्नो वर्चश्व बचाउन चाहेको जिकिर गरेका छन्।

संयुक्त रूपमा विज्ञप्ति निकाल्दै त्यसले मुलुकलाई अझ अन्योल, अस्थिरता र सङ्कटतर्फ धकेल्ने कुरा निश्चित रहेको उनीहरूको भनाइ छ।

विज्ञप्तिमा भनिएको छ-'पुरानै बाटो हिँडेर नयाँ गन्तव्यमा पुगिन्न भन्ने कुरा स्वतः स्पष्ट छ। आजको राष्ट्रिय निराशा र गतिरोधलाई चिर्दै प्रगतिशील तथा लोकतान्त्रिक दिशामा आम जनतालाई गोलबन्द गर्दै अगाडि बढ्नु आजको ज्वलन्त कार्यभार बनेको छ।'

राष्ट्रमाथि चौतर्फी सङ्कट आएको यस परिस्थितिमा सबै प्रतिबद्ध कम्युनिष्टहरु, समाजवादी, प्रगतिशील तथा देशभक्तहरुले बृहत् मोर्चाबन्दीको लागि पहलकदमी लिनु आवश्यक भएको विज्ञप्तिमा उल्लेख छ।

विज्ञप्तिमा भनिएको छ-'हामी त्यस्तो ऐतिहासिक पहलकदमीका लागि सहकार्य गर्दै एकताबद्ध भएर अगाडि बढ्न संकल्पबद्ध भएका छौँ। र, सबै प्रतिबद्ध कम्युनिष्ट, समाजवादी, प्रगतिशील तथा देशभक्तहरुसँग सार्थक संवाद, छलफल र सहकार्यको लागि आह्वान गर्दछौँ।'

**लाइसेन्स...**

गत ९ जेठमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गतका यातायात व्यवस्था विभाग र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयअन्तर्गतको सुरक्षण मुद्रण केन्द्रबीच छाप्न बाँकी सवारीचालक अनुमतिपत्र छाप्ने सम्बन्धमा समझदारीपत्र (एमओयू) मा हस्ताक्षर भएको थियो।

जेठमा एमओयू भए पनि दुवै संस्थाको प्राविधिक मूल्यांकनपछि एक साताअघि मात्र कार्यान्वयन पत्रमा हस्ताक्षर भएको थियो। पहिलो चरणमा १२ लाख सवारीचालक अनुमतिपत्र छपाइको लागि यातायात व्यवस्था विभागले केन्द्रलाई करिब २७ करोड रुपैयाँ उपलब्ध गराउने छ। मुद्रण केन्द्रमा छपाइ गर्दा यातायात व्यवस्था विभागले पहिले छापेको भन्दा १ सय रुपैयाँ सस्तो पर्नेछ।

विभागले केन्द्रलाई छाप्नुपर्ने सवारीचालक अनुमतिपत्रको नमूना उपलब्ध गराएपछि काम भइरहेको छ।

सञ्चार सूचना तथा प्रविधि मन्त्री जगदीश खरेलले कानुनी उल्झन र विविध कठिनाइका बाबजुद पनि अत्यावश्यक प्रबन्ध मिलाएर लाइसेन्स छपाइको काम सुरु गरिएको बताए। वर्षौंदेखि थन्किएर अलपत्र भएका धुलाम्मे मेसिन र पार्टपूर्जाको धुलो पन्छाएर छपाइ सुरू गरिएको मन्त्रीको भनाइ छ।

**मतदाता...**

प्रधानमन्त्री कार्कीले लोकतान्त्रिक समाजमा नागरिकको सपना साकार पार्ने २ मूलभूत साधन भएको जिकिर गरेकी छिन्।

पहिलो, तपाईं-हामी नागरिकको विवेक। त्यो विवेक, जसले सही गर्छ, गलत गर्दैन र गलत गर्न पनि दिँदैन। दोस्रो, त्यो विवेकलाई प्रयोग गर्ने आधिकारिक साधन अर्थात् मतदाता परिचय पत्र।

'जेनजी युवा र समस्त नेपालीको सपनाको नेपाललाई यथार्थको नेपाल बनाउन, सबैभन्दा पहिला तपाईं-हामीले हाम्रो मतदाता परिचय पत्र बनाउनुपर्छ,' प्रधानमन्त्री कार्कीले भनेकी छिन्-'अनि त्यसको सही उपयोग गरेर सही प्रतिनिधि छान्नुपर्छ। अथवा, यहाँहरु आफैँ सही प्रतिनिधि बन्नुपर्छ।'

**राष्ट्रिय...**

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि निर्वाचन आयोगले मतदाता नामावली सङ्कलन गरिरहेको छ। मतदाता नामावलीमा नाम दर्ताका लागि बायोमेट्रिक्स गर्न जिल्ला सदरमुकाम पुग्नुपर्ने जटिलताले मतदातामा उत्साह नथपेको संयोजक बमको भनाइ छ।

निर्वाचन आयोगले यही कात्तिक ३० गतेसम्म नयाँ मतदाता दर्ता गर्न सकिने जनाएको छ। अहिलेसम्म जम्मा एक लाख ३६ हजार मात्र नयाँ मतदाताले नामावली दर्ता गरेका छन्।

**गौतमबुद्ध**

भैरहवा विमानस्थलबाट ठूलो संख्यामा पर्यटक भित्राउन नेपाल बायुसेवा निगमलाई पुनर्संरचना गरी ७० प्रतिशत पब्लिक लिमिटेडमा लैजानुपर्ने पार्टीको अवधारणा पत्रमा उल्लेख छ। आफूहरुले अभिभारा प्राप्त गरेकामा तीन महिनाभित्र नेपालको वायुसेवालाई कालोसूचीबाट हटाउने जनाउँदै त्यसका लागि सरकारले जिम्मेवारी दिनुपर्ने बताए। भैरहवाबाट ३ सय ६९ सीटको जहाज उडाउन सकिन्छ, जसका लागि ५ वटा विमान पहिलो वर्ष ल्याई २५ अर्ब लगानी गर्नुपर्छ। १० प्रतिशत लगानीमा जहाज आउने र ५ वटा जहाज साढे १२ अर्बमा ल्याई बाँकी रकमबाट व्यवस्थापन गर्न सकिने पार्टीको अवधारणा छ।

'गौतमबुद्ध विमानस्थल खेर जान दिन भएन,' उनले भने-'सरकारले पुनर्संरचनाका लागि अभिभारा दिएमा ४ देखि ६ महिनाभित्र परिवर्तन गरेर देखाउन सक्छौं।' उनका अनुसार काठमाडौंस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट अहिले वार्षिक २४ लाख जना भित्रिरहेका छन्। तीमध्ये १३ लाख नेपाली छन्। पर्यटकका रुपमा भित्रिने ११ लाखमध्ये अधिकांश गैरआवासीय नेपाली हुने गरेका छन्। काठमाडौंबाट वार्षिक ७-८ लाख पर्यटक मात्र भित्रिने गरेको पार्टीले जनाएको छ।

कार्यक्रममा बोल्दै सिद्धार्थ उद्योग बाणिज्य संघका पूर्वअध्यक्ष विष्णु शर्माले निर्माण सकिएर सञ्चालनमा आएको साढे तीन वर्षसम्म पनि भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट नियमित अन्तर्राष्ट्रिय उडान हुन नसकेको र निजी क्षेत्र हौसिएर निराश भएको बताए। आश्वासनले निजि क्षेत्रले ठूलो लगानी भएको यो क्षेत्रमा पार्टीको धारणा राम्रो रहेता पनि अवधारणाप्रति संका रहेको बताए।

पर्यटन व्यवसायी तथा सोट्टो लुम्बिनीका पूर्वअध्यक्ष सञ्जय बजिमयले थुप्रै सपना देखाएर यहाँ अहिले सम्म नियमित उडान गर्न नसक्नु दुखको कुरा रहेको बताउँदै भारतीय पर्यटकलाई पनि पर्यटकको रुपमा गणना गर्नुपर्ने बताए। हामीले तेस्रो मुलुकको पर्यटकलाई मात्रै पर्यटक देख्छौं, तर खर्चिलो पर्यटक भारतीय पनि छन् र ठूलो संख्यामा आउँछन्। सपना देखाएर मात्रै हुँदैन सपना कार्यान्वयन पनि हुनुपर्ने उनको भनाइ थियो।

उनले भैरहवाबाट भारतको दिल्ली, बनारस मात्रै जोडेपनि ठूलो सम्भावना रहेको बताउँदै यो बुद्ध एयरले पनि गर्न सक्छ, नसके चार्टर विमान उडाउन पनि सकिने बताए।

कार्यक्रममा पार्टीका अध्यक्ष तथा त्रिभुवन विश्वविद्यालयका प्राध्यापक दिनेश प्रसाईं, बुद्ध एयरका कार्यकारी अध्यक्ष वीरेन्द्रबहादुर बस्नेत, लगानी बोर्डका पूर्वसीइओ राधेश पन्त र पर्यटन क्षेत्रका अध्येता ज्ञानेश्वर महतोले आफ्नो धारणा राखेका थिए।

कार्यक्रममा भैरहवा र आसपासका उद्योगी व्यवसायी र पर्यटन सरोकारवाला सहभागी थिए।

आर्थिक रूपान्तरण र सुशासनलाई मुख्य मन्त्र बनााई पार्टी निर्वाचन आयोगको दर्ता प्रक्रियामा रहेको अध्यक्ष प्रसाईंले बताए। दर्ता प्रक्रियाका लागि करिब ५ सय सदस्यको प्रस्ताव तयार पारिएको पार्टी स्रोतले जनाएको छ।

योजना आयोगका पूर्व सीइओ पन्तले पार्टीले आर्थिक क्षेत्रमा आफ्नो ४० वर्षको अनुभवलाई आधार बनाएर मुलुकमा रोजगारी वृद्धिका लागि पर्यटन प्रमुख खम्बाका रुपमा रहेको बताए।

अर्का सदस्य महतोले पार्टीले अनुमानका भरमा एजेण्डा प्रस्तुत नगरेको जनाए। टेबुलमा बसेर बिमर्श गरेर र कम्प्युटरमा तथ्यांक केलाएर वास्ताविकतामा आधारित मुलुक बनाउने एजेण्डा प्रस्तुत गरिएको उनले जानकारी दिए। पार्टीले आगामी चरणमा मधेश प्रदेशको जनकपुरमा कृषि क्षेत्रका विषयमा बहस र कर्णाली प्रदेशको राजधानी सुर्खेतमा विकाससम्बन्धी छलफल कार्यक्रम गर्ने तयारी गरेको पनि अध्यक्ष प्रसाईंले बताए।

---

**श्री डायमण्ड गोर्खा ट्रेनिङ्ग सेन्टर, (दर्ता नम्बर : २३५८११)**
**बुटवल उपमहानगरपालिका-७, रुपन्देही, (प्यान नम्बर : ६०९७३५७९८)**

## दर्ता खारेजी सम्बन्धी सूचना।

**दोस्रो पटक प्रकाशित मितिः २०८२। ०७।२२**

त्यस कम्पनीका संस्थापकले कम्पनीको दर्ता खारेज गरी पाउँ भनी दिएको मिति २०८२-०१-०७ को विशेष साधारण सभाको बैठकको निर्णयले कम्पनी खारेजी गर्ने भएकाले त्यस कम्पनीले कुनै व्यक्ति, संस्थालाई तिर्नु बुझाउनु पर्ने कुनै ऋण दायित्व भए सो को सबुद प्रमाण सहित हक दावी गर्ने सम्बन्धी सूचनाको मस्यौदा देहाय बमोजिम रहेको छ। उक्त सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गराई सोको प्रति यस कार्यालयमा पेश गर्नु हुन मिति २०८२-०३-१५ को निर्णयानुसार जानकारी गरिन्छ। यस कार्यालयमा मिति २०७६-११-२० मा दर्ता भएको डायमण्ड गोर्खा ट्रेनिङ्ग सेन्टर प्राइभेट लिमिटेड (प्रा.लि.नं. २३५८११) नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

---

**श्री मधवलिया माध्यमिक विद्यालय**
**तिलोत्तमा न.पा.१५, रुपन्देही**

## शिक्षक आवश्यकता सम्बन्धी सूचना।

**प्रकाशित मितिः २०८२।०७।२२**

प्रस्तुत विषयमा यस श्री मधवलिया माध्यमिक विद्यालय तिलोत्तमा १५, रुपन्देहीमा रिक्त रहेको प्रा. वि. दरबन्दी शिक्षक पदका लागि तिलोत्तमा नगरपालिकाको मिति २०८२/०७/१७, प.सं. २०८२।०८३, च.नं ९६८ को सिफारिस पत्र, शिक्षा विकास तथा समन्वय इकाइ, भैरहवा रुपन्देहीको मिति २०८२/०७/१७, च.नं. ३२३, प.स. २०८२।२०८३ को अनुमति पत्र तथा यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८२/०७/१७ को निर्णयानुसार देहाय बमोजिम शिक्षक आवश्यकता भएकोले इच्छुक नेपाली नागरिकबाट रितपूर्वक दरखास्त आह्वान गरिन्छ।

**तपसिल**

१. वि.नं.- ०१/०८२/०८३
२. पदः- शिक्षक
३. तह :- प्रा. वि. / तृतीय
४. किसिम :- अस्थायी करार
५. संख्या :१ जना
५. शैक्षिक योग्यता - मान्यता प्राप्त शिक्षण संस्थाबाट माध्यमिक तह कक्षा १२ उत्तीण गरेको वा सो भन्दा माथि
६. दरखास्त दस्तुर - रु.१५००/- (अक्षरुपी एक हजार पाँच सय मात्र)
७. तलव स्केल - नियमानुसार
८. उमेर - १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने छ।
९. आवश्यक कागजात - शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपिहरु, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, अध्यापन अनुमति पत्रको प्रतिलिपि र हस्तलिखित निवेदन।
१०. परीक्षाको किसिम लिखित र अन्तर्वार्ता
११. दरखास्त दिने अन्तिम मिति - २०८२/०८/०२ गते सम्म विद्यालय समयमा।
१२. सम्पर्क मिति - २०८२/०८/०३ गते
१३. परीक्षा मिति सम्पर्क मितिमा तोकिनेछ।

**पुनश्च : तोकिएको अवधि भित्र शिक्षक सेवा आयोगको करार सूचीमा सूचीकृत आवेदकले निवेदन दिएमा निजलाई प्राथमिकता दिइनेछ र अन्य आवेदकको निवेदन फिर्ता गरिनेछ।**

थप जानकारीका लागि विद्यालयमा सम्पर्क राख्नुहोला।

**सम्पर्क नं.** ९८४७३१४३४३ (प्र.अ.), ९८५७०३५४८६ (स.प्र.अ.), ९८६७३८६३३६ (लेखापाल)

**प्रधानाध्यापक**
**श्री मधवलिया माध्यमिक विद्यालय**
**तिलोत्तमा १५, रुपन्देही**

## ट्वाइलेट सफा गराउनुहोस्

**सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?**
**हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।**
**क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार**



**प्रो. रामशाह शाहानी**
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

**के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।**

**सम्पर्कः**
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
**फोनः ९८५७०५८८१३,९८०७१८०८१३**

## ट्वाइलेट सफा गराउनुहोस्

**तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।**

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

**सम्पर्कः**
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



**भेटी गणना गर्दै:**
सत्यवती बज्यैको मन्दिरमा भक्तजनले चढाएको दान दक्षिणा (भेटी) गणना गर्दै कर्मचारीहरू। प्रत्येक वर्ष मन्दिरमा २५ देखि ३० लाख रुपैयाँ संकलन हुँदै आएको छ। तस्विरः कृष्ण पोखेल

# तरकारीबाली र खाद्यानमा विषादी प्रयोगले स्वास्थ्यमा जोखिम बढ्दै




**गौरीशंकर जयसवाल**
*परासी*

परासीमा विषादी प्रयोगसम्बन्धी बिउबिजन एवम् बिक्रेता व्यवसायीहरुलाई सचेत गराइएको छ। कृषि ज्ञानकेन्द्र परासीले विषादीका कारण जोखिम बढ्दै गएपछि विषादी प्रयोगसम्बन्धी बिउबिजन एवम् विषदी बिक्रेता व्यवसायीहरुलाई सचेत गराएको हो। विषादीको बढ्दो र जथाभावी प्रयोगले किसान र उपभोक्ता दुवैको स्वास्थ्यमा गम्भीर असरहरु देखिंदै गएकाले विषादी बिक्रेताहरुले विशेष सावधानी अपनाउन आग्रह गर्दै विषादीको विषयमा सचेतना प्रदान गरिएको कृषि ज्ञानकेन्द्र परासीका प्रमुख डा. रविन्द्रनाथ चौबेले जानकारी दिए। जिल्लाका सात पालिकाका एग्रोभेट सञ्चालकहरुको सहभागिता रहेको कार्यक्रममा कृषि ज्ञानकेन्द्रका प्रमुख डा. रविन्द्रनाथ चौबेले विषादीको जथाभावी प्रयोगले नवलपरासीमा पनि जोखिम बढ्दै गएको भन्दै कृषकलाई बिक्री स्थलबाट सचेत बनाउनुपर्नेमा जोड दिए।

उपभोक्ता र किसानहरु विषादीको प्रयोगले मारमा परेको भन्दै समयमा बिउबिजन एवम् बिक्रेतालाई सचेत गराई विषादी प्रयोग न्यूनीकरण कार्यालयले अग्रसर देखाएको चौबेले बताए। उनले तराईभन्दा पहाडको तरकारी र खाद्यानमा विषादी प्रयोग गरेको तथ्यांकले देखाएको र यसमा आम उपभोक्ता सचेत हुन जरुरी रहेको उलेख गरे। तराईभन्दा पहाडमा उत्पादन भएको तरकारी र खाद्यानमा ९७ प्रतिशत विषादी प्रयोग हुने गरेकोले यसमा किसानहरु र उपभोक्ताहरु सचेत हुनुपर्नेमा उनले जोड दिए। पिपिई सेटको प्रयोग गरेर मात्र विषादी छर्नुपर्नेमा जथाभावी आवश्यक सुरक्षा बिनै विषादी प्रयोग गर्दा किसानहरु क्यान्सर जस्ता प्राणघातक रोगको सिकार बन्दै गएको तथ्यांक प्रस्तुत उनले गरेका थिए। नवलपरासीका हाटबजारमा बिक्री हुने तरकारीमा पनि विषादीको मात्रा उच्च हुने गरेको कृषि विज्ञहरुको भनाइ छ। सो अवसरमा बोल्दै जिल्ला समन्वय समितिका प्रमुख भगौती यादव रुदलले विषादीका कारण निकै ठूलो खतरा सृजना भएको बताउँदै यो विषयमा सबै गम्भीर बन्नुपर्नेमा जोड दिए । मिडयाकर्मी, विषादी बिक्रेता, क्रेता सबै गम्भीर बन्नुपर्नेमा जोड दिँदै सकेसम्म विषादीको प्रयोग अन्त्य गर्नेतर्फ ध्यान केन्द्रित गर्नुपर्ने यादवको भनाइ थियो।

कृषि ज्ञानकेन्द्रले विषादी बिक्रेतालाई सचेत गराउन सके जथाभावी विषादी बिक्री रोकिएर किसानको स्वास्थ्यको जोखिम समेत कम हुने अपेक्षा गरेर अन्तरक्रियामार्फत् सचेतना प्रदान गरेको ज्ञानकेन्द्रका वरिष्ठ बाली संरक्षण अधिकृत उमाशंखर पौडेलले बताए।

# नेपाल कपडा तथा सिलाइ व्यवसायी संघ रूपन्देहीको भवन शिलान्यास



बुटवल। नेपाल कपडा तथा सिलाइ व्यवसायी संघ रूपन्देहीको शुक्रबार एक कार्यक्रमकाबिच भवन शिलान्यास गरिएको छ। बुटवल - ११ देवीनगर हात्तीसुँड टोलमा रहेको संस्थाको जग्गामा नेपाल कपडा तथा सिलाइ व्यवसायी महासंघका केन्द्रीय प्रथम उपाध्यक्ष रामकुमार रणपालले भवन शिलान्यास गरेका हुन्।

सोही अवसरमा बोल्दै उनले रूपन्देहीमा कपडा तथा सिलाई व्यवसायी संघको देशभरमै पहिलो भवन शिलान्यास भएकोमा जिल्ला समितिलाई धन्यवाद व्यक्त गरे। केही वर्ष अघि अग्रज व्यवसायी सदस्यहरूले थोरै-थोरै रकम संकलन गरेर जग्गा खरिद गरेको स्मरण गर्दै उनले भवन निर्माणका लागि पनि एकजुट हुन आग्रह गरे।

कार्यक्रममा नेपाल कपडा तथा सिलाइ व्यवसायी महासंघका पूर्व केन्द्रीय वरिष्ठ उपाध्यक्ष कृष्णबहादुर रणपालले बोल्दै सिलाइ व्यवसायी संघमा आबद्ध केही व्यक्तिका कारण संस्था अगाडि बढ्न नसकेकोले त्यस्ता व्यक्तिका पछाडि नलाग्न आग्रह गरे। उनले बन्न लागेको भवन तथा सिलाइ व्यवसायीको हकहितका लागि केन्द्रबाट निरन्तर साथ र सहयोग रहने प्रतिबद्धता समेत व्यक्त गरे।

त्यस्तैगरी नेपाल कपडा तथा सिलाइ व्यवसायी महासंघका विशिष्ट मानार्थ सदस्य तथा परियार सेवा समाज रुपन्देहीका अध्यक्ष लोकबहादुर नेपालीले बोल्दै सिलाई व्यवसायी र परियार समुदायले गर्व गर्न लायकको भवन निर्माण हुन लागेकोमा खुसी व्यक्त गर्दै आफ्नो सक्दो सहयोग रहने जनाए।

कार्यक्रममा रुपन्देही जिल्ला अध्यक्ष तुल्सीबहादुर भण्डारीले सम्पूर्ण पदाधिकारी र सदस्यहरूको सहयोगले भवन शिलान्यास गर्न सफल भएको बताए। यो भवनलाई समयमै निर्माण सम्पन्न गर्न आगामी दिनमा पनि सहयोग गर्न आग्रह गरे।

कार्यक्रममा नेपाल कपडा तथा सिलाइ व्यवसायी संघ रूपन्देहीका निवर्तमान अध्यक्ष तथा संरक्षक सुवास परियार, पूर्व अध्यक्ष तथा सल्लाहकार शुवर्णकुमार परियार, सिलाइ व्यवसायी संघका कपिलवस्तु जिल्ला अध्यक्ष सुशीला श्रेष्ठ, संघका बुटवल नगर अध्यक्ष राजेन्द्रप्रसाद यादवलगायतले आ-आफ्नो भनाइ राख्दै संघको भवन समयमै निर्माण सम्पन्न गर्न सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाउँदै सम्पूर्ण व्यवसायीहरू एकजुट भई अघि बढ्नुपर्नेमा जोड दिए।

सोही अवसरमा संघका अग्रज तथा व्यवसायी सदस्यहरूले भवन निर्माणका लागि आर्थिक सहयोग गर्ने घोषणाा गरेका थिए भने सहयोग घोषणा गर्ने व्यक्तिहरूलाई सम्मान गरिएको थियो। रूपन्देहीमा करिब ४ हजार ५ सय व्यवसायी सदस्य रहेका छन्। नेपाल कपडा तथा सिलाइ व्यवसायी संघ रुपन्देहीका वरिष्ठ उपाध्यक्ष रमेश आब्जूको स्वागत मन्तव्यमा भएको कार्यक्रममा महासचिव मधुमाया सेनले कार्यक्रम सञ्चालनमा गरेकी थिइन्।

# लालपूर्जा नपाएपछि गाउँलेले पाँच वटा सामुदायिक वनमा लगाए ताला

**रामकुमार श्रेष्ठ**
*नवलपुर*

नवलपुरको देवचुली नगरपालिकाका भूमिहीन सुकुम्बासीहरुले देवचुली नगरपालिकाभित्र रहेका पाँच वटा सामुदायिक वनमा तालाबन्दी गरिदिएका छन्।

आफूहरुले वर्षौंदेखि जोतभोग गर्दै आएको जग्गा सामुदायिक वनभित्र परेको भन्दै लालपूर्जा नपाएपछि उनीहरुले सामुदायिक वन नै खारेजीको माग गर्दै सामुदायिक वन कार्यालयमा तालाबन्दी गरिदिएको स्थानीय बासिन्दा चित्रबहादुर लुंगेली मगरले जानकारी दिए।

उनीहरुले शुक्रबार देवचुली नगरपालिकाभित्र रहेको अमरज्योति सामुदायिक वन, धुसेरी सामुदायिक वन, चौतारी सामुदायिक वन, बरटाँडी सामुदायिक वन र अम्मर सामुदायिक वनमा तालाबन्दी गरिदिएका हुन्।

दीपक रसाइली, आशिष तामाङ, भिमचन्द्र गुरुङ, तिलबिर सारुमगरलगायतको नेतृत्वमा रहेको टोलीले सामुदायिक वनमा तालाबन्दी गरिदिएका हुन्। देवचुली नगरपालिकाभित्र वन नजिकै रहेका बासिन्दाहरुले सामुदायिक वनको अवरोधका कारण जग्गा धनी लालपूर्जा पाउन सकेका छैनन्।

देवचुली नगरपालिकाका नगर उप-प्रमुख पार्वता तिवारीले सामुदायिक वनले वन दर्ता गर्दा बस्ती बसेको गाउँलाई पनि सामुदायिक वनभित्र राखेको कारण यस्तो समस्या आएको बताइन्। उनका अनुसार नगरपालिकाले सबै प्रक्रिया पूरा गरेको, तर वनका कारण जग्गा धनी लालपूर्जा वितरण कार्य रोकिएको छ। यहाँका ५ सयभन्दा बढी घर भूमिहीन सुकुम्बासीहरुको बस्ती सामुदायिक वनभित्र परेको छ।

# शान्ति समाज रूपन्देहीको साधारणसभा

बुटवल। मानवअधिकार तथा शान्ति समाज जिल्ला शाखा रुपन्देही शाखाको २६औं साधारणसभा सम्पन्न भएको छ।

साधारणसभामा बोल्दै शान्ति समाजका पूर्व केन्द्रीय सभापति गोविन्द खनालले जेनजी आन्दोलनका क्रममा भाद्र २३ गते राज्यद्वारा निहत्था कलिला बालबालिकाहरुको बर्बर हत्या तथा २४ गते अराजक र आपराधिक समूहले व्यक्तिगत तथा सार्वजनिक सम्पत्तिमाथि गरेको आगजनी, तोडफोड , कुटपिटको घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई कानुनी कार्बाही गर्न माग गरे। उनले फागुन २१ मा निर्वाचन हुनेमा विश्वस्त हुने आधार अझै निर्माण हुन नसकेको भन्दै समयमै निर्वाचन सम्पन्न गरी नेपाललाई अध्यारो सुरुङभित्र जानदेखि बचाउनुपर्नेमा जोड दिए।

साधारणसभाका पर्यवेक्षक शान्ति समाजका केन्द्रीय महासचिव प्रकाश शाहीले शान्ति समाजले राजनैतिक दल र नेतृत्वलाई समयमै सच्चिन गरेको पटक-पटक गरेको आग्रहलाई लत्याउँदा देशमा अकल्पनीय घटना घटेको बताए।

कार्यक्रममा नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य रामराज पोखेल, शान्ति समाजका केन्द्रीय सचीव डीपी खनाल, नेपाल पत्रकार महासंघ रुपन्देहीका अध्यक्ष दिनेश पाण्डे, राष्ट्रिय मानवअधिकार आयोगका लुम्बिनी प्रदेशका कार्यालय प्रमुख सन्तोष आचार्य, बार एसोसिएसन बुटवलका अध्यक्ष गोविन्द मरासिनी, शान्ति समाजका केन्द्रीय सदस्य लालहरि पाण्डे, जिल्लाका पूर्व सभापति कृष्ण पराजुली, निवर्तमान सभापति कृष्ण भट्टराई, संस्थापक सभापति महेन्द्र थापालगायतले शान्ति समाजको सक्रियता र सान्दर्भिकता अझै रहेको उल्लेख गरेका थिए।

जिल्ला सभापति अर्जुन ज्ञवालीले देशको वर्तमान परिस्थितिको समाधानको लागि नागरिक आकांक्षा, नागरिक स्वतन्त्रता र नागरिक सर्वोच्चतामा देशका सबै पक्षले इमान्दारपूर्वक आत्मसात गर्दै सम्बोधन गर्नुपर्नेमा जोड दिए।

# उद्योग संघमा सबै निर्विरोध

बुटवल। रुपन्देही उद्योग संघको नयाँ नेतृत्वको लागि सबै पदमा निर्विरोध नेतृत्व चयन भएको छ। २४ औं अधिवेशनअन्तर्गत बिहीबार भएको मनोनयनमा अधिकांश पदमा एकल उम्मेदारी परे पनि केही पदमा बढी उम्मेदारी परेको थियो।

तर शुक्रबार उम्मेदारी फिर्ता लिने समयअगावै एकभन्दा बढी परेका उम्मेदारहरुले फिर्ता लिएसँगै सबै पदमा निर्विरोध रुपमा नेतृत्व चयन भएको निर्वाचन समितिका प्रमुख रामप्रसाद आचार्यले जानकारी दिए।

निर्विरोध निर्वाचित हुनेहरुमा अध्यक्षमा कृष्णप्रसाद पराजुली, वरिष्ठ उपाध्यक्षमा जीवकान्त काफ्ले, प्रथम उपाध्यक्षमा हरिबहादुर खत्री, द्वितीय उपाध्यक्षमा युवराज आचार्य, महासचिवमा सुमन बस्याल, कोषाध्यक्षमा विशाल बेलवासे, सचिवमा अशोक कुँवर, सह-कोषाध्यक्षमा राजु घिमिरे निर्विरोध भएका हुन्।

पदाधिकारीको सचिव महिलामा पद भने खाली रहेको छ। सो पदमा शारदा रेग्मी (भट्टराई) को उम्मेदारी परे पनि उनले शुक्रबार फिर्ता लिएसँगै सो पद खाली रहेको हो। त्यसैगरी सदस्य आजीवनतर्फ ई. किरण खरेल, सदस्य एशोसिएटतर्फ अखिलेश गुप्ता कशौधन, सदस्य संस्थागतमा तेजप्रसाद पराजुली, सदस्य खुल्ला ६ जनामा रमेशप्रसाद आचार्य, लालप्रसाद बस्याल, काशिनाथ खनाल, मेघबहादुर घिमिरे, अनिश कुमार कसौधन, थानेश्वर पाण्डेको मात्रै उम्मेदारी कायम रहेकाले निर्विरोध भएको हो।

त्यसैगरी सदस्य महिला पद २ मा पार्वती गिरी र दिलु शाही, सदस्य बुटवल औद्योगिक क्षेत्रमा प्रज्ज्वल थान्जु, बुटवल उप-महानगरपालिकातर्फ २ जनामा नारायणप्रसाद खनाल र डिल्लीनारायण पाण्डे, सदस्य तिलोत्तमा र ओमसतियातर्फ २ जनामा घनश्याम पौडेल शर्मा र शतिस सापकोटा, सदस्य देवदह नगरपालिका रोहिणी गापातर्फ चक्रपाणी तिवारी, सदस्य सैनामैना नपा, कञ्चन र गैंडहवातर्फ कृष्णप्रसाद पोखरेल, सदस्य शुद्धोधन र सियारी गापातर्फ टंकनारायण आचार्य निर्विरोध भएका हुन्।

सदस्य सिद्धार्थनगर नपा र मायादेवी गापा पद १ र सदस्य लुम्बिनी सांस्कृतिक नपा, कोटहीमाई, समरीमाइ र मर्चवारी पद १ मा कसैको उम्मेदवारी नपरेकोले खाली रहेको छ। ३३ सदस्यीय कार्यसमिति रहने संघमा ३१ जना अधिवेशनबाट निर्वाचित हुने र दुई जना अध्यक्षले मनोनित गर्ने प्रावधान रहेको छ भने खाली रहेका पदहरुमा कार्यसमितिको बैठकले पूरा गर्नेछ।

# गैंडहवामा गाउँपालिकामा रक्तदान कार्यक्रम सम्पन्न




**अविजित पन्थी**
*बुटवल*

गैंडहवा (रुपन्देही)। रगतको अभावका कारण कुनै पनि बिरामीले उपचारबाट वञ्चित हुन नपरोस् भन्ने उद्देश्यसहित गैंडहवा गाउँपालिकामा आकस्मिक रक्तदान कार्यक्रम सम्पन्न भएको छ।

नेपाल रेडक्रस सोसाइटी लुम्बिनी प्रदेश समितिको आयोजनामा र नेपाल रगत सञ्चार सेवा केन्द्र बुटवल र गैंडहवा गाउँपालिकाको सह-आयोजनामा शुक्रबार गाउँपालिका कार्यालय परिसरमा सम्पन्न कार्यक्रममा ३९ युनिट रगत संकलन भएको छ।

नेपाल रेडक्रस सोसाइटी लुम्बिनी प्रदेश समिति अध्यक्ष लालप्रसाद पंगेनी (कृष्ण)ले पछिल्लो समय देशभर रगतको चर्को अभाव देखिएको बताउँदै गैंडहवाले उदाहरणीय भूमिका खेलेको उल्लेख गरे। उनले यस्ता अभियानले रगतको अभावमा पीडित बिरामीहरूलाई जीवन दिने काम गर्छन् भन्दै स्थानीय तहको यस्तो सक्रियता सराहनीय रहेको बताए।

गैंडहवा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रोमनाथ न्यौपानेले रक्तदानलाई 'जीवनदान'का रूपमा अर्थ्याउँदै भने-"रगतको अभावले कुनै पनि बिरामीको ज्यान जोखिममा नपरोस् भन्ने हाम्रो अभियान हो। गैंडहवाका प्रत्येक नागरिकले यसलाई आफ्नो सामाजिक दायित्वको रूपमा लिनुपर्छ।"

कार्यक्रममा गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी, शिक्षक, राजनीतिक दलका प्रतिनिधि, विभिन्न संघ-संस्थाका सदस्य, युवा र सर्वसाधारणको उल्लेखनीय सहभागिता रहेको थियो।

संकलित ३९ युनिट रगत नेपाल रगत सञ्चार सेवा केन्द्र बुटवलमार्फत् आवश्यक अस्पतालहरूमा पठाइने रेडक्रसका प्रतिनिधिले जानकारी दिएका छन्।

कार्यक्रमको अन्त्यमा रक्तदाताहरूलाई सम्मानपत्र प्रदान गर्दै आगामी दिनमा पनि नियमित रूपमा रक्तदान अभियान सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गरिएको थियो।

'रक्तदान, जीवनदान' भन्ने नारासहित सम्पन्न उक्त कार्यक्रममा सहभागीहरूले मानव सेवाको भावनालाई निरन्तर जगाइराख्ने प्रतिज्ञा गरेका थिए।

# लागुऔषधसहित चार जना पक्राउ

नवलपुर। नवलपुरमा लागुऔषधसहित चार जना पक्राउ परेका छन्। जिल्ला प्रहरी कार्यालय नवलपुरका अनुसार चार जनालाई लागुऔषधसहित पक्राउ गरेको हो।

नवलपुरको कावासोती १ कोइलापानीबाट २२ वर्षीय हप्पे भाइ भन्ने रोजन घर्तीलाई प्रहरीले उनकै घरबाट लागुऔषधसहित पक्राउ गरेको छ।

प्रहरीले उनको साथबाट ट्रामाडोल नामक लागुऔषध ३९९ ट्याब्लेट, प्रोमेथाजिन नामक लागुऔषध २७० ट्याब्लेट र गाँजा १९४ ग्राम बरामद गरेको जनाएको छ।

त्यसैगरी विभिन्न मितिमा नवलपुरको देवचुली नगरपालिका १२ निवासी मनबहादुर सुनार, कावासोती ५ निवासी थर्कबहादुर कुमाल र कावासोती १ निवासी उमनबहादुर कुमाल रहेका छन्।

पक्राउ परेका चार जनालाई नवलपुर जिल्ला अदालतबाट ७ दिनको म्याद थप गरी आवश्यक अनुसन्धान अगाडि बढाएको प्रहरीले जनाएको छ।

# लुम्बिनी बोर्डिङमा नि:शुल्क स्वास्थ्य शिविर




बुटवल। बुटवल ३ चिडियाखोला सहस्रपथमा रहेको लुम्बिनी बोर्डिङ स्कुलमा नि:शुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ।

देवदह मेडिकल कलेज एण्ड रिसर्च सेन्टर प्रा. लि. रुपन्देहीको प्राविधिक सहयोगमा आयोजित उक्त शिविरमा विद्यालयमा अध्ययनरत विद्यार्थी र तिनका अभिभावक र शिक्षकहरूको नाक, कान, घाँटी, आँखा, छाला र सामान्य चिकित्सासम्बन्धी स्वास्थ्य परीक्षण गरिएको थियो। सोही शिविरमा विषय विशेषज्ञहरू डा. दिपिन गौतम, डा. शिशिर बास्कोटा, डा. समीक्षा अधिकारी, डा. श्रीजिता पट्टेललगायत हिरालाल धामी, सरस्वती देवकोटा, अमृतप्रसाद पाण्डे, देवी अधिकारी, सम्झना चौधरीले सेवा प्रदान गरेका थिए। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दयाराम बस्यालको अध्यक्षतामा सञ्चालित समापन कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका उपाध्यक्ष एवम् सह-प्राचार्य कौशलराज बस्याललगायतशिक्षकहरूकोसहभागिता रहेको थियो। उक्त कार्यक्रममा डा. दिपिन गौतम, सरस्वती देवकोटा र हिरालाल धामीले स्वास्थ्यको महत्त्वमाथि प्रकाश पारेका थिए।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com